जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ३०९ • २०८२ साल चैत २५ गते बुधवार (8 April, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मोटरसाइकल दुर्घटनामा तीनको मृत्यु, तीन गम्भीर घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको जलेश्वर-बर्दिबास सडकखण्ड अन्तर्गत मंगलबार भएको मोटरसाइकल दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने अन्य तीन जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले दिएको जानकारी अनुसार जलेश्वर नगरपालिका र एकडारा गाउँपालिकाको सिमानामा पर्ने एकडारा गाउँपालिका वडा नम्बर ५ स्थित बखरी चोक नजिक विपरीत दिशातर्फबाट आउँदै गरेको दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो ।

दुर्घटना भएपछि मोटरसाइकलमा आगलागी हुँदा सवार व्यक्तिहरू जलेर घाइते भएका थिए ।

सो दुर्घटनामा परी मृत्यु हुनेमा महोत्तरीको जलेश्वर नगरपालिका-६ का सुभाष दास, रवि दास तथा एकडारा गाउँपालिका-३ स्थित अजमरपट्टीका अभिषेक मण्डल रहेको महोत्तरी प्रहरीले जनाएको छ । उनीहरूको घटनास्थलमै जलेर मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ ।

त्यस्तै सो दुर्घटनामा परेर एकडारा गाउँपालिका अन्तर्गत बथनाहाका रोहित दास, जलेश्वर नगरपालिका-६ का जयकुमार महतो र अभय कापर रहेका छन् ।

दुवै मोटरसाइकलमा तीन/तीन जना सवार रहेको महोत्तरी प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

दुर्घटना लगत्तै स्थानीयवासी र प्रहरीको सहयोगमा घाइतेहरूलाई उद्धार गरी उपचारका लागि जलेश्वर प्रादेशिक अस्पतालमा भर्ना गरिएको छ ।

दुर्घटनाको वास्तविक कारण अझै खुल्न नसकेको र आगलागी कसरी भयो भन्ने विषयमा अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

मृतकहरूको शव पोस्टमार्टमका लागि जलेश्वर स्थित अस्पतालमा राखिएको जनाइएको छ ।

## पति मन्त्री भएपछि पत्नीको पुनरागमन

# प्रक्रिया मिचेर बीमा बोर्ड बैठकमा श्रममन्त्रीकी पत्नी सहभागी

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनको जगमा स्थापित राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) नेतृत्वको बालेन्द्र साह नेतृत्वको सरकार गठनसंगै नातामा साढु पर्ने दीपक कुमार साहलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा नियुक्त गरियो । उनी मन्त्रीमा नियुक्त भएको करिब डेढ साता नबित्दै श्रीमतीलाई बीमा बोर्डमा पुनरागमन गराएको तथ्य उजागर भएको छ ।

आइतबार बीमा बोर्ड बैठकको कार्यसूचीमा प्रवेश गर्दै आगामी आर्थिक वर्षका लागि बजेट पारित गर्ने । पदाधिकारी र सदस्य उपस्थित बैठकमा बस्नै बसिरहदाँ नै जुनु श्रेष्ठ पनि सो बैठकमा सहभागी भएकी थिइन् ।

श्रेष्ठ बोर्डको बैठकमा आएपछि सबै चकित परे । उनलाई ११ महिनाअघि नै बोर्ड सदस्यबाट हटाइएको थियो ।

उनी बैठकमा सहभागी भएपछि उनलाई कसैले केही भन्न सकेनन् । सो बोर्ड बैठकले आगामी आर्थिक वर्षका लागि बजेट पारित गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने निर्णय गरेको छ ।

११ महिना अघि बोर्ड सदस्यबाट हटाइएकी श्रेष्ठ बैठकमा आउँदा पनि कसैले केही भन्न सकेनन् । उनी मन्त्री साहकी पत्नी रहेकै कारण उनलाई कसैले पनि कुनै किसिमको प्रश्न गर्न सकेनन् ।

२०८० मंसिर १४ मा तत्कालीन स्वास्थ्यमन्त्री मोहन बस्नेतले श्रेष्ठलाई बोर्डको सदस्यमा नियुक्ति दिएका थिए । उनी केही दिन बोर्डको बैठकमा पनि उपस्थित भइन् । तर, २०८१ पुस १ गतेदेखि कुनै जानकारी नै नदिइ बोर्डको बैठकमा आउन छोडिन् । उनी विना सूचना नआएपछि बोर्डले २०८१ वैशाख ४ गते स्वास्थ्य मन्त्रालयलाई पत्र पठाएर बोर्ड सदस्यबाट हटाउन सिफारिस गरेको थियो ।

तत्कालीन बोर्डका निर्देशक डा. रघुराज काफ्ले पठाएको पत्रमा कुनै जानकारी नदिइ तीन पटक बोर्ड बैठकमा अनुपस्थित भएमा उक्त पद रिक्त हुने व्यवस्था रहेको स्मरण गराउँदै नियम बमोजिम आवश्यक कारबाहीका लागि आग्रह गरिएको थियो ।

स्वास्थ्य बीमा बोर्डले मन्त्रालयलाई पठाएको पत्रमा भनिएको छ, '२०८१ पुस १ गतेदेखि चालु आर्थिक वर्ष२०८१/८२ को चौथो बोर्ड बैठकदेखि हालसम्म ११औं बोर्ड बैठक बसिसक्दा लगातार अनुपस्थित रहेको देखिएको छ । बोर्डको सदस्यको अनुपस्थितिले यस बोर्डको बैठक र निर्णय प्रक्रिया प्रभावित हुँदै आएको छ ।'



त्यसयता बोर्ड सदस्यको पद पनि खाली रहेको छ । डेढ वर्षयता बोर्डसंग कुनै सम्पर्क समेत नगरेकी श्रेष्ठ चैत २३ को बोर्ड बैठकमा उपस्थित भइन् ।

स्वास्थ्य बीमा कार्यक्रम शुरु भएको चैत २५ गते १० वर्ष पुगेको छ।वार्षिक उत्सवको तयारी पनि गर्ने र बजेट पारित गर्ने बोर्डको आन्तरिक तयारीमा जुटेको छ । 'सो बैठकमा उहाँको उपस्थिति थियो,' बोर्डका अर्का सदस्यले भने । सोमबार बसेको बोर्ड बैठकमा सात जना उपस्थित थिए ।

उनी बोर्ड बैठकमा उस्थित भएको खबर सार्वजनिक भएसंगै साह सरकारको आलोचनासमेत हुन थालेको छ । त्यसपछि श्रेष्ठले सामाजिक सञ्जालमार्फत प्रष्टीकरण दिने प्रयास गरेकी छन् । स्वास्थ्य बीमामा आफ्नो नियुक्ति २०८० सालमा नै भएको भन्दै पुनः नियुक्तिको विषय आफ्नो जानकारीभन्दा बाहिरको भएको जिकिर गरिन् । नयाँ नियुक्ति भनेर आएका समाचार आए पनि आफूले कुनै आधिकारिक जानकारी नपाएको उनले जिकिर गरिन् । दुई वर्षअघि बोर्ड सदस्यमा नियुक्त भएपछि श्रेष्ठ २०८० सालमा नै पढ्न बेलायत गएकी थिइन् । त्यसपछि उनी लगातार बोर्ड बैठकमा पनि उपस्थित भइनन् । अहिले पति श्रममन्त्री भएसंगै पत्नी श्रेठ फेरि पनि बोर्ड सदस्यका रुपमा हाजिर भएकी छन् ।

बोर्ड सदस्यको पदावधि चार वर्ष हुन्छ । त्यसअनुसार आफ्नो कार्यकाल सकिन दुई वर्ष बाँकी रहेको उनले बताइन् । स्वास्थ्य मन्त्रालयले जनाए अनुसार श्रेष्ठ आफनो कार्यकाल बाँकी नै रहेको भन्दै बोर्ड बैठकमा सहभागी भएकी हुन् ।

स्वास्थ्यमन्त्री निशा मेहताको स्वीकृतिमा चैत २३ गते भएको बोर्ड बैठकमा श्रेष्ठ सहभागी भएको स्वास्थ्य मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २५ को उपदफा १ ले निरन्तर तीन पटक बैठकमा अनुपस्थित भएमा स्वतः निलम्बन हुने व्यवस्था छ । 'बोर्डलाई जानकारी नदिइ लगातार तीन पटक बोर्डको बैठकमा अनुपस्थित भएमा अध्यक्ष, सदस्य र कार्यकारी निर्देशकको पद रिक्त मानिनेछ,' बीमा बोर्डको ऐनमा व्यवस्था गरिएको छ ।

श्रेष्ठ पति श्रममन्त्री साहको पत्नी रहेकै आधारमा ११ महिनाअघि नै गइसकेको पदमा अवैधानिक रुपमा पुनरागमन गरेकी छन् । उक्त खबर सार्वजनिक भएपछि श्रममन्त्री साहलाई सरकारले सार्वजनिक गरेको बरियता क्रमको मर्यादामा एक तह झार्दै १५ औं मर्यादाक्रममा राखिएको छ । जबकी यस अघि उनलाई १४ औं मर्यादा क्रममा राखिएको थियो ।

# संसदीय नेता चयनमा अलमल कांग्रेस

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले गत शनिबारदेखि संसदीय दलको नेता चयन प्रक्रिया थाल्ने जनाए पनि अझैसम्म अगाडि बढाउन सकेको छैन । कांग्रेस संसदीय दलको नेता चयन प्रक्रिया शुरु गर्न आनाकानी गर्दा कांग्रेसमा अन्योल उत्पन्न भएको छ । पार्टी महामन्त्री प्रदीप पौडेलले २४ चैतभित्र संसदीय दलको नेता चयन गरिसक्ने जानकारी गराएका थिए ।

कांग्रेसको शीर्ष नेतृत्व नै संसदीय दलको नेताका आकांक्षीसंग छलफलमा रहेकाले समय लागेको नेताहरू बताउन थलोका छन् । महामन्त्री गुरुराज घिमिरेका अनुसार सभापति गगन कुमार थापा र शीर्ष पदाधिकारीहरूले आकांक्षीहरूसंग छलफल गरिरहेका छन् । 'सभापतिज्यूले पनि आकांक्षीहरूसँग छलफल गरिरहनुभएको छ । हामीले पनि छलफल गरिरहेका छौं,' महामन्त्री घिमिरेले भने, 'सहमतिमा संसदीय दलको नेता छनोट गरौं भनेर समय लिएका हौं ।'

दलको नेताका आकांक्षीमध्येका एक अर्जुननरसिंह केसीले सहमतिमा दलको नेता चयन हुने बताए । केसी निकट नेताहरूका अनुसार चुनाव हुने स्थितिमा पछि नहट्ने र सहमति हुने भए दाबी नगर्ने मनस्थितिमा केसी छन् ।

समानुपातिकतर्फका सांसदहरू अर्जुननर सिंह केसी र भीष्मराज आङ्देम्बे दाबेदारमध्ये वरिष्ठ नेताहरू छन् । प्रत्यक्षतर्फ निर्वाचित सांसदहरू मोहन आचार्य, भरतबहादुर खड्का, जनकराज गिरी र नरेन्द्र केरुङ, बासना थापा, निश्कल राईलाई दलको नेताका आकांक्षीका रूपमा हेरिएको छ । 'जसलाई बनाए पनि सभापति थापानिकटकै नेताहरू हुनुहुन्छ । त्यही भएर सर्वसम्मत बनाउन समय लागेको हो,' कांग्रेसका एक पदाधिकारीले भने ।

वरिष्ठ नेताभन्दा नयाँ पुस्ताका सांसदहरूलाई दलको नेताको रूपमा अघि सार्ने विकल्प पनि छ । तर नयाँ सांसदहरूलाई सिनियर नेताहरूले अस्वीकार गर्ने सम्भावना पनि छ ।

चैत २४ गते भित्र संसदीय दलको नेता चयन गर्ने भनेपछि सहमतिको लागि समय लिएको महामन्त्री पौडेलले बताए ।

सहमति हुँदा समानुपातिकबाट आङदेम्बे र प्रत्यक्षबाट निर्वाचित भएमा आचार्य हुने सम्भावना रहेको कांग्रेस नेताहरू बताउँछन् । नयाँ पुस्ताका सांसदहरूलाई अघि सार्दा पार्टीभित्र वरीयताको विवादले नछोड्ने बुझाइ नेताहरूको छ । त्यसैले नयाँ अनुहारमा सहमतिको विकल्प भए पनि चुनाव हुँदा आउने



> शेरबहादुर देउवा समूहले अदालतको फैसला कुर्ने र आन्तरिक रुपमा पार्टी व्यूँत्याउने कार्यलाई पनि अघि सारेको छ । अर्कोतर्फ डा. शेखर कोइरालाले पनि आफ्नो समूहलाई बलियो बनाउने गरी अघि बढ्ने वा के गर्ने विषयमा अलमल रहेको देखिन्छ ।

परिणामबारे कांग्रेसको संस्थापन समूह सचेत छ । अब संसदीय दलको नेता चैत महिनाभित्र छानिसक्ने भनेर कांग्रेसका नेताहरू तयारीमा छन् ।

चैत १६ गते धुम्बाराहीको होटल स्मार्टमा कांग्रेसको पूर्णबहादुर खड्का र डा. शेखर कोइरालापक्षले राष्ट्रियसभा तथा प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूलाई बधाई तथा सम्मान कार्यक्रम राखेको थियो । सो कार्यक्रममा प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित ३८ सांसदमध्ये ११ जना सहभागी भएका थिए ।

त्यहाँ प्रतिनिधिसभाका सदस्यहरू सीता थपलिया (उर्मिला), रीना केसी (उप्रेती), टेकबहादुर गुरुङ, गंगालक्ष्मी अवाले, रुक्मिणी कोइराला, गीता सेङ्देन, सुशीला ढकाल आचार्य, हरिनादेवी कामी, विष्णुबहादुर खड्का, जयपति रोकाया, निनु कर्ण सहभागी रहेका थिए ।

संस्थापनपक्षमा निश्कल राई, फिरदोस आलम, अभिषेकप्रताप शाह, खडकबहादुर बुढा, प्रकाशसिंह कार्की, बासना थापा, सन्तोष सुब्बा, भरतकुमार स्वार, मोहन आचार्य, नरेन्द्रकुमार केरुङ, जनकराज गिरी, खड्ग शाही, रेनुका काउचा, अर्जुननरसिंह केसी, कालीबहादुर सहकारी र मनमाया विक गरी १६ जना सांसद रहेका छन् ।

शेरबहादुर देउवा समूहमा विष्णुबहादुर खड्का, सन्दीप राना, जयपति रोकाया, टेकबहादुर गुरुङ, भीष्मराज आङदेम्बे, मदनकृष्ण श्रेष्ठ, गंगालक्ष्मी अवाल, गीता गुरुङ, सुशीला ढकाल आचार्य, सीता थपलिया, हरिनादेवी कामी, पवित्रा विक, नीनुकुमारी कर्ण, रेखाकुमारी यादव, र शाहजान खातुन गरी १५ जना रहेका छन् ।

त्यस्तै शेखर कोइराला समूहका भरतबहादुर खड्का, योगेश गौचन थकाली, गीताकुमारी सेन्दाङ, रुक्मिणी देवी कोइराला, रीना उप्रेती, प्रमिला कुमारी गच्छदार र डा. चन्द्रमोहन यादव गरी ७ जना रहेका छन् ।

प्रतिनिधिसभा सदस्यहरु विभिन्न गुटउपगुटमा विभाजन भएपछि सभापति थापाले भने केही समयका लागि मौन छन् ।

फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कांग्रेस नराम्ररी पराजित भएपछि सभापति थापाले राजीनामा नै दिएका थिए । तर पार्टी केन्द्रीय कार्य समितिले उनको राजीनामा स्वीकृत भएन ।

त्यसपछि पार्टीको बैठकबाट काठमाण्डुमै असोज महिनामा महाधिवेशन गर्ने निर्णय गरिसकेको छ । तर लामो समय देखि रित्त रहेको संसदीय दलको नेता चयनको विषय पेचिलो बनेको छ । दलको नेता चयनको विषय पेचिलो बन्दै जादाँ पार्टी भित्र गुटउपगुटमा विभाजन अवस्थामा रहेको छ ।

शेरबहादुर देउवा समूहले अदालतको फैसला कुर्ने र आन्तरिक रुपमा पार्टी व्यूँत्याउने कार्यलाई पनि अघि सारेको छ । अर्कोतर्फ डा. शेखर कोइरालाले पनि आफ्नो समूहलाई बलियो बनाउने गरी अघि बढ्ने वा के गर्ने विषयमा अलमल रहेको देखिन्छ ।

उनले केही दिन अघि मात्रै सार्वजनिक रुपमा आफू कुनै पनि गुट समूहमा नरहेको प्रस्ट्याएका थिए ।




# सामाजिक सुरक्षासम्बन्धीका व्यवस्था पालना गर्न मन्त्रालयको अनुरोध




काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्न सम्पूर्ण रोजगारदाताहरूमा अनुरोध गरेको छ।

मन्त्रालयले सोमबार विज्ञप्ति जारी गरी ऐन विपरीत न्यूनतम पारिश्रमिकलगायत सुविधाबाट वञ्चित गराएको पाइएमा प्रचलित कानुनी व्यवस्था हुने व्यहोरा जानकारी गराँउदै उक्त कानुनको स्वतःस्फूर्त परिपालना गर्न पनि सम्बन्धित सबै प्रतिष्ठान, संस्था तथा सरोकार भएकाहरूलाई आग्रह गरेको छ।

श्रम ऐन, २०७४ को दफा १८ को उपदफा (३) मा तालिमीको रूपमा काममा लगाइएका व्यक्तिलाई रोजगारदाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा तथा उपदान, सञ्चयकोष, बिमालगायत सामाजिक सुरक्षामा कमी नहुने गरी सुविधा दिनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ।

मन्त्रालयले भनेको छ, "यस मन्त्रालयमा विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा तालिमी श्रमिकका रूपमा कार्यरत स्वास्थ्यकर्मी/नर्सिङ्ग स्टाफ, निजी तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारी, साथै अन्य विभिन्न प्रतिष्ठानमा कार्यरत व्यक्तिबाट तोकिए बमोजिमको न्यूनतम पारिश्रमिक तथा अन्य सुविधा नपाएको भन्ने उजुरी तथा गुनासाहरू प्राप्त भएका छन, यस विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।"रासस

# 'सभामुख पदको गरिमालाई उच्च बनाउन सकारात्मक भई काम गर्नेछु'



काठमाण्डु । सभामुख डोलप्रसाद आर्यालले संसदीय व्यवस्थामा सभामुख पदको गरिमालाई अझ उच्च बनाउने कार्यमा आफू सदैव सकारात्मक र सक्रिय रहने प्रतिबद्धता जनाउनुभएको छ।

सभामुख पदमा निर्वाचित भएपछि सोमबारको प्रतिनिधिसभा बैठकमा उहाँले भन्नुभयो, "संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको नीतिगत बहस, छलफल गर्ने र निष्कर्ष निकाल्ने हुन्छ। यस कार्यका लागि संसद् एक खुल्ला विश्वविद्यालय सरह रहने भएकाले आफू सदैव सकारात्मक भएर काम गर्नेछु। सत्तापक्षको गुण र दोषका आधारमा प्रतिपक्षले भुमिका निर्वाह गर्ने भएकाले समाजमा सुशासन कायम गरी विकसित राष्ट्र निर्माणमा सबै सांसदहरूको बराबरी र महत्त्वपूर्ण भूमिका रहन्छ।"

नेपालको संविधान, प्रतिनिधिसभा नियमावली र प्रचलित कानुनलाई मार्गदर्शन मानी समग्र संसदीय क्रियाकलाप सञ्चालन गर्ने उल्लेख गर्दै सभामुख अर्यालले संविधान र प्रचलित कानुनको अधिनमा रही राजनीतिक दलहरूसँगको आपसी सहयोग र समन्वयका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । हाँले देशमा सुसाशन कायम गरी भ्रष्टाचार नियन्त्रण गरेर विकास निर्माणका गतिविधि सञ्चालन गर्ने र आवश्यक कानुन बनाउने थलो संसद् भएकाले सबै राजनीतिक दललाई रचनात्मक सहयोग र सहभागिताका लागि उहाँले आग्रह गर्नुभयो।

"म कुनै राजनीतिक दलमा आबद्ध भएर निर्वाचित हुँदै प्रतिनिधिसभाको सहस्य भएको हुँ। अब म दलकोभन्दा राष्ट्रको सभामुख भएकाले यो गरिमामय पद र यसको जिम्मेवारी निर्वाह गरिरहँदा राजनीतिक दलमा सहभागी भएकै कारण सभाको मर्यादामा आँच आउन दिने छैन", सचामुख अर्यालले भन्नुभयो । उहाँले सबैको सुझावलाई तथष्टरूपमा कार्यान्वयन गर्दै सभामुख निष्पक्ष र स्वतन्त्र हुनुपर्ने बताउनुभयो। सभामुख अर्यालले सांसद सङ्ख्याका आधारमा कुनै भेद्भाव नहुने बताउँदै सांसद सबैबाट सभा सञ्चालनका लागि क्रियाशिलता, रचनात्मक सहयोग र समन्वयको अपेक्षा गर्नुभयो । संसद्मा जनताको प्रतिनिधित्व गरेर आएका कुनैपनि सदस्यलाई दलगत सहभागिताका आधारमा भेद्भाव नहुने उहाँको भनाइ छ।

"हामीले गर्ने प्रत्येक निर्णय र गतिविधि जनताले नजिकबाट अवलोकन गरिरहेका छन् । निर्वाचित प्रतिनिधिजनताले जिताएर पठाएका छन् । सबैले आफ्नो दायित्व आमनागरिकप्रति इमान्दर भएर निर्वाह गर्नुपर्छ", सभामुख अर्यालले भन्नुभयो । उहाँले हरेक नेपाली नागरिकले संसद्मा हुने छलफल र यहाँका गतिविधिमा आफ्नो सहभागिता रहेको महसुस गर्नेगरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।सभामुख अर्यालले नयाँ कानुन निर्माण गर्नुभन्दा पहिला बनेका, हाल विद्यमान ऐन कानुनको समिक्षा र पुनरावलोकन गरी कुनकुन कानुन खारेज गर्ने, कुनकुन कानुनलाई एकिकृत गर्ने भन्नेबारेमा अध्ययन पुनरावलोकनसहित कानुनको निर्माणमा जुट्न सबैलाई आग्रह गर्नुभयो।

"परिणाम प्राप्तिको लागि अझै पनि धेरै महत्वपूर्ण कानून निर्माण, संशोधन र परिमार्जन गर्न बाँकी छन्। त्यसैले समयबद्ध योजना बनाएर ती कार्यहरू सम्पन्न गर्न सबै माननीय सदस्यहरूको सक्रिय सहभागिता अपरिहार्य छ, संसद्लाई निष्क्रिय होइन, कार्यसम्पादनको केन्द्र बनाउनु आवश्यक छ।" हुदलीय शासन व्यवस्थामा जनताको अभिमत जाहेर हुने भएकाले सबै दलहरूसँगको समन्वयमा संसद्को गरिमा उचो राख्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले संसदमा उपस्थित राजनैतिक दल र सबै सदस्यबाट असल संवैधानिक अभ्यास हुने विश्वासपनि व्यक्त गर्नुभयो ।रासस

# कर्णाली सरकारद्वारा छ दिन थप सार्वजनिक बिदा दिने निर्णय

कर्णाली। कर्णाली प्रदेश सरकारले आगामी वर्ष २०८३ सालमा छ दिन थप सार्वजनिक बिदा दिने निर्णय गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सुर्खेत वीरेन्द्रनगरमा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विसं २०८३ मा छ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिनुभयो।

"प्रदेश सरकारले चैत १२ गते (धान दिवस), असोज २२ गते चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेलाका लागि सार्वजनिक बिदा दिने निर्णय गरेको छ", उहाँले भन्नुभयो, "यद्यपि यो जुम्ला जिल्लाका लागि मात्र हो। असार १५ को राष्ट्रिय धान दिवसमा भने जुम्लाबाहेक अन्य प्रदेशका नौ जिल्लामा सार्वजनिक बिदा दिइएको प्रवक्ता शाहले बताउनुभयो।

उहाँका अनुसार साउन १ गते साउने सङ्क्रान्ति तथा देउडा पर्व, भदौ ४ गते प्रदेश स्थापना तथा सहिद दिवस र कात्तिक ८ गते कोजाग्रत पूर्णिमामा प्रदेशभर सार्वजनिक बिदा हुनेछ।

त्यसैगरी, मंगलबारको बैठकबाट प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ मा हेरफेर गरी उक्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको प्रवक्ता शाहले जनाउनुभयो ।रासस

# बाँदर आतङ्क रोक्नेदेखि प्रतिबन्धित क्षेत्र खुला गर्नुपर्ने माग

काठमाण्डु। प्रतिनिधिसभाको बैठक सांसदहरूले पहाडी क्षेत्रमा बाँदरले कृषि बाली नष्ट गर्ने गरेको भन्दै सामाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

त्यस्तै, प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा बोल्ने सांसदहरूले मनाङ-मुस्ताङलगायत मुलुकका विभिन्न स्थानमा प्रतिबन्धित क्षेत्र घोषण गर्दा जनताको मौलिक हक हनन भएको भन्दै त्यसलाई खुला गरी स्थानीय तहमार्फत व्यवस्थापन र सञ्चालन गर्न माग गर्नुभएको छ। बैठकमा सांसद अशोक चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा बाढीबाट बर्सेनि हुने डुबानको दिगो समस्या समाधानका लागि सरकारसँग आग्रह गर्नुभयो। सांसद आकृति अवस्थीले सुशासनका पक्षमा र भ्रष्टाचारका विरुद्ध भएको जेनजी आन्दोलनमा दमन गर्नेमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्नुभयो।

सांसद आर्यन राईले खोटाङलगायत पूर्वी पहाडका कृषि क्षेत्रमा बाँदर आतङ्क समाधानको उपायका बारेमा आफूहरूले सरकारलाई जानकारी गराएको उल्लेख गर्दै शीघ्र समाधानका लागि ध्यानाकर्षण गराउनुभयो। सांसद आशिष गजुरेलले सडक दुर्घटनामा दैनिक सात जनाको मृत्यु हुने गरेको तथ्य अवगत गराउँदै सडक सुरक्षा विधेयक तत्काल पेस गरी पारित गर्नका लागि ध्यानाकर्षण गराउनुभयो ।रासस

# 'स्वास्थ्य चुनौती सम्बोधन गर्न सरोकारवालाबीच सहकार्य अपरिहार्य'




काठमाण्डु। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले संविधानमा प्रदत्त मौलिक हकको कार्यान्वयनमार्फत सबैका लागि स्वास्थ्य र सुरक्षित नेपाल निर्माण गरिने बताउनुभएको छ। विश्व स्वास्थ्य दिवस २०८२ का अवसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले पछिल्ला समय देखिएका स्वास्थ्य चुनौती समाधानका लागि सबै क्षेत्र र सरोकारवालाबीच सहकार्य अपरिहार्य रहेको बताउनुभएको हो।

मन्त्री मेहताले मानव, पशुपन्छी र वातावरण एकअर्काबीच घनिष्ठ सम्बन्ध रहेकाले प्रकृति सुरक्षित र पशुपन्छी स्वस्थ नहुँदासम्म मावन जाति पूर्णरुपमा स्वस्थ रहन नसक्ने बताउनुभयो। जनावर तथा पशुपन्छीबाट मानवमा सर्ने रोगको जोखिम बढिरहेको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनका कारण कीटजन्य रोग वृद्धि भइरहेको बताउनुभयो।"वातावरणीय प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी समस्या, मुटु, मस्तिष्काघातजस्ता नसर्ने रोग बढिरहेका छन्", उहाँले भन्नुभयो, "मानव र पशुन्छीमा 'एन्टीमाइक्रोवियल' औषधिको अत्यधिक र जथाभावी प्रयोगले 'प्रतिजैविक प्रतिरोध'ले ठूलो समस्या निम्त्याएको छ, यसतर्फ अब सजग हुनुपर्छ।"

मन्त्री मेहताले रोगको सम्भावित जोखिम कम गर्न व्यक्तिगत सरसफाइमा ध्यान दिन, घरपालुवा जनावरलाई खोप लगाउन, स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै एन्टीबायोटिक औषधि प्रयोग गर्न र वातावरण स्वच्छ राख्नेतर्फ आमजनतालाई आह्वान गर्नुभयो। 'मानव, पशुपन्छी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जित' नाराका साथ नेपालसहित विश्वभर मंगलबार विभिन्न कार्यक्रम गरी दिवस मनाइँएको छ ।रासस

# राष्ट्रिय आर्थिक गणना तथा अनुसन्धान सहकार्य गर्न समझदारी



काठमाण्डु। राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल र उद्योग परिसङ्घबीच राष्ट्रिय अर्थतन्त्रसँग सम्बन्धित विश्वसनीय तथ्याङ्क, सङ्कलन, विश्लेषण, अनुसन्धान तथा नीतिनिर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले एक समझदारी भएको छ । मुलुकको आर्थिक विकास, औद्योगिक विस्तार तथा प्रभावकारी नीतिनिर्माणका लागि गुणस्तरीय र समयानुकूल तथ्याङ्क जरुरी आवश्यक रहेकाले उक्त समझदारी गरिएको हो।

तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, निजी क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिका तथ्याङ्क सङ्कलन, विश्लेषण तथा उपयोगलाई सुदृढ गरी तथ्याङ्कीय गुणस्तर अभिवृद्धि गर्न सरकारी निकाय र निजी क्षेत्र सङ्घसंस्थासँग सहकार्य समन्वय गर्ने रणनीतिअनुरुप यो समझदारी भएको उल्लेख गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयमा एक कार्यक्रममा कार्यालय प्रमुख डा कमलप्रसाद पोखेल र परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेको उपस्थितिमा कार्यालयका निर्देशक डा वेदप्रसाद ढकाल र परिसङ्घका महानिर्देशक डा घनश्याम ओझाले हस्ताक्षर गर्नुभएको हो । सो अवसरमा परिसङ्घका अध्यक्ष पाण्डेले यो सहकार्यले निजी क्षेत्रसँग सम्बन्धित आर्थिक तथ्याङ्क सङ्कलन, विश्लेषण तथा उपयोगलाई सुदृढ बनाउन सहयोग गर्ने बताउनुभयो।

तथ्याङ्क कार्यालय प्रमुख डा पोखेलले सरकारी तथा निजी क्षेत्रबीच तथ्याङ्क प्रणाली विकासमा सहकार्य, राष्ट्रिय अर्थतन्त्रसँग सम्बन्धित तथ्याङ्कको गुणस्तर सुधार तथा प्रयोग विस्तारमा सहयोगी हुने बताउनुभयो । समझदारीअनुसार परिसङ्घ र कार्यालयबीच राष्ट्रिय आर्थिक गणना, निजी क्षेत्र तथ्याङ्क प्रणाली विकास, अनुसन्धान तथा नीति अध्ययन, तथ्याङ्क आदानप्रदान, क्षमता विकास, प्रचारप्रसार तथा जनचेतनामा सहकार्य हुनेछ ।रासस

# राष्ट्रियसभाका चार समिति सभापति निर्विरोध चयन



काठमाण्डु । राष्ट्रियसभाका रिक्त चार समिति सभापति निर्विरोध चयन भएका छन् । मंगलबार सम्बन्धित समितिका ज्येष्ठ सदस्यको अध्यक्षतामा बसेका समिति बैठकमा दलहरूबीचको सहमतिका आधारमा एक/एक उम्मेदवारको प्रस्ताव परेपछि उहाँहरू निर्विरोध निर्वाचित हुनुभएको हो।

निर्विरोध निर्वाचित हुनेहरूमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा पूजा चौधरी, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा जयन्तीदेवी राई, विकास, आर्थिक मामिला तथा सुशासन समितिमा कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिमा कृष्णबहादुर रोकाया रहनुभएको राष्ट्रियसभाका सचिव तुलबहादुर कँडेलले जानकारी दिनुभयो।

चौधरीको प्रस्तावकमा मदनकुमारी शाह (गरिमा), समर्थकमा युवराज शर्मा र रुक्मिणी कोइराला, राईको प्रस्तावकमा सोनाम गेल्जेन शेर्पा, समर्थकमा दुर्गाकुमारी गुरुङ रहनुभएको छ । यस्तै, पौडेलको प्रस्तावकमा नारायणदत्त भट्ट, समर्थकमा जगत तिमिल्सिना र रोकायाको प्रस्तावकमा आनन्दप्रसाद ढुङ्गाना र समर्थकमा गीता देवकोटा रहनुभएको छ।

सभापतिका लागि प्रस्तावकले सहमतिको राजनीति, विधिको शासन र लोकतान्त्रिक अभ्यासका लागि सहमतिका आधारमा उम्मेदवारी दिइएको बताउनुभएको थियो। गत फागुन २० गतेदेखि ती समितिका सभापतिको पद रिक्त रहेका थिए ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ३, जानकी मंदिर विवाह मण्डप अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८२/१२/२० गते म.प्र. ०२-००७ प ४९५१ नम्बरको रातो रंगको ईन्जिन नं. AF3HP1700184 चेचिस नम्बर MD625AF38PIH00172 को TVS कम्पनीको Rider 125 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः बृजमोहन साह सुडी**
**ठेगानाः क्षीरेश्वरनाथ न.पा.-१०, गोपालपुर, धनुषा**
**मो.नं. ९८१९६१३२१५**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सोचेर गरेको लगानीबाट नाफा हुनेछ। खानपानमा विशेष ध्यान दिनुपर्नेछ। |
| वृष : | सानो कुराले व्यवहारमा झन्झट बढ्नेछ। |
| मिथुन : | मुल त्रिकोणमा चन्द्रमा भएकाले मन शान्त बन्नेछ। |
| कर्कट : | हरेक क्षेत्रमा बाधा हुनसक्छ। |
| सिंह : | आफन्तले भन्दा साथीभाइले दुःखमा साथ दिनेछन्। |
| कन्या : | सञ्चित धनको खर्च हुनाले मन दुःखी हुनेछ। अचानक खर्च बढ्नेछ। |
| तुला : | शिक्षाको क्षेत्रमा प्रगति हुने दिने छ। |
| वृश्चिक : | बोलीको प्रभावले राम्रो काम बन्नेछ। मनमा कुरा नराख्नु राम्रो हुनेछ। |
| धनु : | एकल निर्णय भन्दा साथीभाइको सहयोगले अगाडि बढ्नुपर्ने दिन छ। |
| मकर : | धनस्थानमा चन्द्रमा पुगेकाले धन आर्जन हुनेछ। मनमा खटपटी हुनेछ। |
| कुम्भः | लगानी गर्नुभन्दा पनि भएको सम्पत्ति जोगाउने प्रयास गर्नुपर्नेछ। |
| मीनः | अनुत्पादक क्षेत्रमा धन खर्च हुनसक्छ। एकल निर्णय घातक हुनसक्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**


बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारत, उत्तर प्रदेशको राजधानी लखनऊस्थित बडा इमामबाडा परिसरमा अवस्थित ऐतिहासिक तथा धार्मिक-सांस्कृतिक पर्यटकीय स्थल भुलभुलैया। *तस्बिर : रासस*

# एमालेका महिला सांसदद्वारा 'साइबर बुलिङ'का विषयमा उजुरी








काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महिला सांसदहरुले पछिल्लो समयमा किशोरीहरुमाथि भएका साइबर बुलिङका विषयमा नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएका छन् ।

एमालेका सचिव एवं प्रतिनिधिसभा सदस्य पद्माकुमारी अर्याल, केन्द्रीय सदस्य एवं राष्ट्रियसभा सदस्य रामकुमारी झाँक्रीसहित १८ महिला सांसदले भोटाहिटीस्थित सो ब्युरोमा लिखित उजुरी दिएका हुन् ।

सामाजिक सञ्जाल तथा विभिन्न भर्चुअल प्लेटहरुमार्फत विशेष गरी साइबर बुलिङ, दुर्व्यवहार, अपमानजनक व्यवहार, घृणा र टीका टिप्पणीले किशोरीहरु मानसिक उत्पीडनको सिकार भएको उजुरीमा उल्लेख छ। त्यस्तो व्यवहारले उनीहरुको आत्मसम्मान, मानसिक स्वास्थ्य तथा सामाजिक सुरक्षामा गम्भीर असर पारेको उजुरीमा जनाइएको छ। यस्ता साइबर बुलिङसम्बन्धी उजुरीको छिटो र प्रभावकारी छानबिन तथा अनुसन्धान गर्न र पीडितलाई तत्काल सुरक्षा र न्याय सुनिश्चित गर्न माग गरिएको छ ।रासस

# महोत्तरीका वनमा माहुरी चराउँदै चितवनका किसान



महोत्तरी । पूर्वपश्चिम राजमार्ग दायाँबायाँ महोत्तरीका वन क्षेत्रमा हाल चितवनका किसान माहुरी चराउन व्यस्त छन् । वसन्त ऋतुका बेला वन क्षेत्रका 'इक्युलिप्टिस' (मसला) का रूखमा ढकमक्क फूल खिलेको बेला पारेर चितवनका किसान यहाँ माहुरी चराउन आइपुगेका हुन् ।

यसपालि यहाँ ठूलो हुरीबतास र असिना नपर्दा माहुरीलाई अनुकूल मौसम भएको माहुरीपालक किसानको भनाइ छ । "यहाँका वनमा फागुनको सुरुआतदेखि नै वनस्पतिमा राम्ररी फूल फुलेका छन्, त्यसैले माहुरी चराउन यहाँ आएका हौँ", चितवन खैरहनी-४ का ४५ वर्षीय सुरेश बस्नेत भन्नुहुन्छ ।

उहाँले यसपालि फागुन पहिलो साता महोत्तरीका वनमा राखेका दुई ८४ घार माहुरीबाट हालसम्म २० क्विन्टल मह उत्पादन भएको जानकारी दिनुभयो । "अझै छ/सात क्विन्टल उत्पादन हुन्छ होला । यसपालि हालसम्म महबाट रु १० लाख जति आम्दानी लिइयो । यहाँका वनका वनस्पतिका फूलमा प्रशस्त रस हुँदा राम्रो मह उत्पादन भएको हो", बस्नेतले भन्नुभयो ।

चितवन कालिका-७ का अशोक बस्नेतले यहाँका विभिन्न क्षेत्रमा एक सय २५ घार माहुरी राख्नुभएको छ । उहाँले गत फागुन पहिलो सातायता हालसम्म आठ क्विन्टल मह उत्पादन भएको बताउनुभयो । यस्तै, खैरहनी-८ का ३५ वर्षीय युवराज कार्कीले एक सय तीन घार माहुरीबाट सात क्विन्टल मह उत्पादन गरिसकेको बताउनुभयो ।सबैभन्दा पाका ७७ वर्षीय अशोक बस्नेतको प्रेरणाले आफूहरू माहुरीमा रमेको बस्नेत र कार्कीको भनाइ छ । "म कमाउन भनेर सउदीअरेबिया पनि गएँ, भनेजस्तो काम नपाएर फर्केपछि यहीँ माहुरीपालनमा लागे", सुरेशले भन्नुभयो, "यसै व्यवसायबाट केही गर्न सकिन्छ भन्ने विश्वास पलाएको छ। पछिल्ला तीन/चार वर्षयता राम्रै कमाइ भइरहेको छ।"

मामा अशोकको प्रेरणाले आफू माहुरीपालनमा लागेको र अब यही व्यवसायबाट सन्तुष्टि मिलेको कार्कीको भनाइ छ । उद्यम सञ्चालन गर्न चितवनका कृषिसम्बद्ध सरकारी कार्यालय र स्थानीय तहले अनुदान दिएकाले व्यवसाय सञ्चालनका लागि आफूहरूलाई सहयोग पुगेको मौरीपालक किसानले बताउने गरेका छन्, तर कुकाठबाट बन्ने घारमा बढी रकम काटिँदा अनुदान रकमको ठूलो हिस्सा त्यसैमा जाने गरेको धेरैजसोको चनाइ छ ।

"कृषि कार्यालयले यस्ता घार अनुदान रकमबाट कट्टा हुनेगरी उपलब्ध गराउँछन्, यसको मूल्य प्रतिघार तीन रु हजार ५०० काटिन्छ", सुरेश भन्नुहुन्छ, "सरकारले हामीलाई कुकाठ उपलब्ध गराए हामी आफैँ कम लागतमा घार बनाउँथ्यौँ । यो व्यवस्था हुन नसक्दा अनुदान रकमको ठूलो हिस्सा घारमै जाने गरेको छ ।"महोत्तरी माहुरीका लागि राम्रो चरणको क्षेत्र भए पनि यही जिल्लाका किसान भने यसतर्फ आकर्षित हुनसकेका छैनन् ।रासस

# राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा गुणाकर भट्ट नियुक्त



काठमाण्डु । सरकारले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा गुणाकर भट्टलाई नियुक्त गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले आयोगको उपाध्यक्षमा डा भट्टलाई नियुक्त गरेको सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले नेपाल राष्ट्र बैङ्कको डेपुटी गभर्नरमा नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक किरण पण्डित नियुक्त गरेको छ । उहाँले राष्ट्र बैङ्कको सुपरीवेक्षण विभाग, बैङ्क तथा वित्तीय संस्था नियमन विभागलगायत विभिन्न विभागमा रहेर काम गर्नुभएको छ ।

पेट्रोल, डिजेल र मट्टितेलको पैठारीमा लाग्दै आएको भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट प्रदान गर्ने निर्णय गर्दै सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय पनि मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको सामान्य प्रशासनमन्त्री रावलले जानकारी दिनुभयो । मन्त्रिपरिषद्को निर्णय सुनाउँदै उहाँले भन्नुभयो, "पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न व्यावहारिक देखिएको छ। मूल्य समायोजनको बाध्यता छ । सरकारले यो तथ्य लुकाउँदैन ।"

सामान्य प्रशासनमन्त्री रावलका अनुसार पेट्रोलियम पदार्थमा सरकारलाई पछिल्लो १५ दिनमा मात्रै करिब रु ११ अर्ब ७२ करोड घाटा भइरहेको छ । इन्धन खपत घटाउन आइतबार पनि सार्वजनिक बिदा दिने, सवारीसाधनमा जोर-बिजोर प्रणाली लागू गर्न सकिने र इभी (विद्युतीय सवारी) तथा इथानोलको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अघि सारिएको उहाँले स्पष्ट पार्नुभयो ।

यस्तै, मन्त्रिपरिषद्को बैठकले बृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाका लागि विश्व बैङ्कले प्रदान गर्ने ८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय पनि गरेको छ ।बैठकले ललितपुरको पुल्चोकमारहेकोजलस्रोततथाऊर्जा अनुसन्धान केन्द्रलाई ललितपुरकै गोदावरीमा स्थानान्तरण गरी जल तथा ऊर्जा आयोगको सचिवालयो कार्यालयलाई पुल्चोकमा हाल जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र रहेको भवनमा स्थानान्तरण गर्ने निर्णय गरेको छ ।

समस्याग्रस्ता सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतम र सदस्यहरू ललिताकुमारी महर्जन र ध्रुव आचार्यको राजीनामा स्वीकृत गर्ने बैठकले निर्णय गरेको छ।त्यसैगरी, पूर्वाधार विकासतर्फ नागढुङ्गा सुरुङमार्गको पश्चिम खण्डमा पर्ने धुनिबेँसी नगरपालिका र पासाङल्हामु राजमार्गको वेत्रावती-धुन्चे-स्याप्रुबेसी सडक खण्डमा पर्ने उत्तरगया गाउँपालिकामा निजी जग्गा प्राप्ति गर्न सरकारले स्वीकृति प्रदान गरेको छ ।काठमाडौँ-तराई मधेस द्रुतमार्ग निर्माणका लागि काठमाडौँ, ललितपुर र मकवानपुरका विभिन्न वन क्षेत्रको कुल ४६.३९ हेक्टर जग्गा प्रयोग गर्न दिने र १८ हजार ८९८ वटा रूख काट्न अनुमति दिने निर्णय पनि बैठकले गरेको छ ।रासस

# कानुनअनुसार गरिब तथा विपन्नलाई निःशुल्क उपचारको व्यवस्था गर्न निर्देशन




भक्तपुर । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशअन्तर्गत सञ्चालित सबै अस्पताललाई कूल शय्याको कम्तीमा १० प्रतिशत शय्या गरिब तथा विपन्न बिरामीलाई निःशुल्क उपलब्ध गराउन निर्देशन जारी गरेको छ ।

मंगलबार स्वास्थ्यमन्त्री किरण थापामगरले राससँगको कुराकानीमा कानुनमा उल्लेख भएअनुसार अस्पतालले कम्तीमा १० प्रतिशत शय्या लक्षित वर्गका बिरामीलाई निःशुल्क उपलब्ध गराउन निर्देशन जारी गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "मन्त्रालयले सोमबार प्रदेशका १३ जिल्लाभित्र सञ्चालनमा रहेका निजी तथा विभिन्न गैरसरकारी संस्थाका नाममा सञ्चालित अस्पताल एवं स्वास्थ्य संस्थालाई प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (६) मा रहेको कानुनी व्यवस्था आजैदेखि अक्षरशः कार्यान्वयन गर्न निर्देशन जारी गरेका छौँ, कार्यान्वयन नगर्ने अस्पताललाई कारबाही गर्छौं ।"

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले स्वास्थ्य सेवा ऐनअनुसार हरेक अस्पतालले सामाजिक सेवा एकाइ स्थापना गरी बेवारिसे, अति गरिब, विपन्न, अपाङ्गता भएका विपन्न तथा असहाय व्यक्तिलाई निःशुल्क रूपमा कुल शय्या सङ्ख्याको कम्तीमा १० प्रतिशत शय्यामा उलपब्ध गराउन निर्देशन दिएको बताउनुभयो ।रासस

## नेपाल टेलिकमको सेवामा सुधारः

# डाटा सकिँदा स्वतः पैसा नकाटिने




काठमाण्डु । नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो । विशेषगरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ ।

सञ्चार मन्त्रालयले 'नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली' लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ । यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ । यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए । यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढंगले काम गरिरहेका छन् ।


नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वतः मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए । अब यो प्रणाली अन्त्य गरिएको छ । यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैँ छान्न सक्ने विकल्पसहितको सेवा पाउनेछन् । अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइनेछ । जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ । यससँगै 'पे-एज-यू-गो' (पिएवाईजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ । जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ । साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पिएवाइजी मोडमा जाने भन्ने निर्णय आफैँ गर्न सक्नेछन् ।

नेपाल टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार यो प्रणाली हाल परीक्षण चरणमा रहेको र केही दिनभित्रै पूर्ण रूपमा लागू हुनेछ । उहाँका अनुसार 'युएसएसडि'मार्फत खरिद गरिने डाटा प्याकमा यो सुविधा तीनदेखि पाँच दिनभित्र लागू हुनेछ भने नेपाल टेलिकमको मोबाइल एप प्रयोग गर्ने ग्राहकका लागि सातदेखि १० दिनभित्र कार्यान्वयनमा आउनेछ । यसले डिजिटल माध्यममार्फत सेवा प्रयोग गर्ने ग्राहकहरूलाई अझ सहज अनुभव दिने विश्वास लिइएको छ ।

नेपाल टेलिकमका ग्राहक सेवा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन 'वन टाइम केवाइसी' प्रणाली लागू गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ । यसबाट ग्राहकले एकपटक मात्र आफ्नो विवरण बुझाएपछि भविष्यमा फेरि त्यही विवरण पेस गर्नुपर्ने झन्झट अन्त्य हुने जनाइएको छ । अहिले सिम कार्ड लिन, नवीकरण गर्न वा अन्य सेवा लिन जाँदा बारम्बार कागजात पेस गर्नुपर्ने समस्या थियो । जसले ग्राहकलाई हैरानी दिँदै आएको थियो । नयाँ प्रणाली लागू भएपछि सेवा प्राप्ति प्रक्रिया छिटो, सरल र झन्झटरहित हुने अपेक्षा गरिएको छ । यो प्रणाली आगामी ३० दिनभित्र कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य राखिएको छ ।

डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै नेपाल टेलिकमले आफ्ना विभिन्न सेवाहरू पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी पनि तीव्र बनाएको छ । ई-सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुनःप्राप्ति तथा सिम स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू अब घरमै बसेर अनलाइन माध्यमबाट लिन सकिनेछ । यसले विशेषगरी दुर्गम क्षेत्रका ग्राहकलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ । साथै कार्यालयमा हुने भीड घटाउने र सेवा वितरणलाई थप व्यवस्थित बनाउने ठानिएको छ । ग्राहक सेवा सुधारकै अर्को महत्वपूर्ण पक्षका रूपमा 'एकल विन्दु सेवा' सहायता कक्ष स्थापना गर्ने योजना अघि सारिएको छ । मन्त्रालयको कार्ययोजनाअनुसार नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिनेछ र ग्राहकले एकै ठाउँबाट आफ्ना सबै समस्याको समाधान पाउनेछन् । यसले विभिन्न काउन्टर धाउनुपर्ने बाध्यता अन्त्य गर्ने र सेवा प्राप्तिको समय घटाउने अपेक्षा गरिएको छ ।

यससँगै, फोरजी मोबाइल नेटवर्क सेवाको गुणस्तर सुधार गर्ने काम पनि भइरहेको छ। हाल देशका विभिन्न स्थानमा फोरजी सेवा कमजोर रहेको गुनासो व्यापक रूपमा उठ्दै आएको छ । यस समस्यालाई समाधान गर्न नीतिगत व्यवस्था परिमार्जन गर्ने र थप फ्रिक्वेन्सी उपलब्ध गराउने तयारी भइरहेको मन्त्रालयले जनाएको छ । आगामी ३० दिनभित्र आवश्यक नीतिगत सुधार सम्पन्न गरी सेवा गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखिएको छ ।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेशमा बर्डफ्लुको उच्च सतर्कता आवश्यक

मुलुकमा तेश्रो पटक मोरङबाट बर्डफ्लु(एच-फाइभ एन-वान) को संक्रमण फैलिदैं गएको छ । मोरङको विभिन्न स्थानमा बर्डफ्लु देखा पर्न थालेपछि मधेशमा पनि संक्रमण फैलिनुबाट जोगिनका लागि सरोकारवालले अहिलेदेखि नै सचेतनासंगै सतर्कताको आवश्यकता छ । हुन त मधेश प्रदेशमा तत्काले बर्डफ्लु नदेखिए पनि यसबाट जोगिनका लागि मधेशस्थित विभिन्न फार्ममा नियमित रुपमा सरसफाइ, सेनिटाइजेसनलगायतको प्रयोग गरी आ- आफ्नो स्वास्थ्य अवस्थाप्रति सजगता अपनाउन जरुरी छ । मधेश प्रदेशको छिमेकी प्रदेश रहेको कोशी प्रदेश र बागमति प्रदेशबाट नै सबैभन्दा बढी कुखुरा मधेशको आठ वटै जिल्लामा आयात हुने गरेको छ । अन्य प्रदेश र सीमानाका हुँदै भारतीय बजारबाटसमेत लुकाइछिपाइ गरी कुखुराको आयात हुने गर्छ । विगतदेखि नै सतर्कतापूर्वक सीमानाका क्षेत्र, अन्य प्रदेशबाट हुने गरेको आयातप्रति सम्बन्धित कार्यालय गम्भीर रहँदै चेकजाँच कार्य हुने गरेकाले अहिले नै बर्डफ्लुको संक्रमण नदेखिए सरोकारवालले पुष्टि गरेको छ । तर बर्डफ्लुको संक्रमण फैलिएकै प्रदेशबाट नै मधेशमा आयात हुने गरेकाले कहिले कहाँबाट बर्डफ्लु भित्रिने हो भन्ने ठेगान छैन । त्यसैले पनि अहिले देखि नै बर्डफ्लु संक्रमण फैलिनबाट रोक्नका लागि आधारभूत कार्यहरु कुखुरा फार्मले नै अपनाउनु पर्ने हुन्छ भने यसका लीगि आवश्यक रोकथाम नियन्त्रणका सम्बन्धित निकाय गम्भीर हुनुपर्छ । त्यस्तै सेवाग्राहीले पनि कुखुराको मासु लिन अघि सरसफाइ, सेनिटाइजेसनको व्यवस्था र विक्रीवितरणको व्यवस्था के कस्तो खाले व्यवसायीले गरेको छ, त्यसतर्फ ध्यान दिनु उत्तम हुन्छ । अहिलेसम्म कोशी प्रदेशको सुनसरीमा सबैभन्दा बढी १२ वटा कुखुरा फार्म सो संक्रणबाट प्रभावित भएको पशु सेवा विभागले जनाएको छ । त्यस्तै मोरङमा ८, झापामा २ र चितवनको एउटा कुखुरा फार्ममा बर्डफ्लु भेटिएको पुष्टि भइसकेको छ । सरकारी तथ्यांक अनुसार ती सबै फार्ममा गरी १ लाख १३ हजार ६ सय ८ कुखुरा तथा हाँस संक्रमणका कारण नष्ट गरिएको छ । त्यस्तै २ लाख ११ हजार ८ सय ६७ वटा अण्डा र २५ हजार ८ सय किलो दाना पनि नष्ट गरिएको छ । नष्ट गरिएका पन्छीमध्ये ८५ प्रतिशत लेयर प्रजातिका कुखुरा रहेको पाइएको छ । अन्य जिल्लामा संक्रमण फैलिन नदिन आवश्यक सबै कदम चालिएको पशु सेवा विभागले जनाएको छ । तीनै तहको सरकारका सरोकारवाला निकायसंगको समन्वयमा रोकथाम र नियन्त्रणका कदम चालिरहेको दाबी सरकारले गरेको छ । बर्डफ्लु संक्रमणको मुख्य कारकका रूपमा विभिन्न पहिचानसमेत सरकारले गरिसकेको छ । पीडित किसानले भने 'बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहतसम्बन्धी मापदण्ड' २०७९ अनुसार राहत पाउने व्यवस्था पनि गरिएको छ ।

# वर्तमानबाट देखिने रास्वपाको भविष्य



भूमिनन्द बराल

नेपालको राजनीतिक इतिहास र सत्ताको संरचनालाई गहिरोसँग नियाल्दा एउटा अकाट्य तथ्य बारम्बार उजागर हुन्छ । यहाँ सरकार र व्यवस्थाहरू फेरिन्छन्, तर सत्ता सञ्चालन गर्ने अन्तर्निहित प्रणाली र मनोवृत्तिमा तात्त्विक रूपान्तरण आएको देखिँदैन ।

०१५ सालको पहिलो जननिर्वाचित सरकारदेखि ०८० को दशकसम्मका राजनीतिक उतारचढावलाई मसिनोसँग केलाउँदा, राजनैतिक नेतृत्वको व्यक्तिगत अहङ्कार, वैदेशिक भू-राजनीतिक प्रभाव र कर्मचारीतन्त्रको जटिल सेटिङले कसरी जनमतको अपहरण र अपमान हुने गरेको छ भन्ने प्रस्ट हुन्छ ।

ऐतिहासिक रूपमा नेपालका राजनीतिक आन्दोलनहरूले व्यवस्था परिवर्तनमा सफलता हासिल गरे पनि राज्ययन्त्र सञ्चालन गर्ने स्थायी सरकार अर्थात् कर्मचारीतन्त्रको चरित्र परिवर्तन गर्न सकेनन् । राणाकालीन हुकुमी शैलीबाट प्रशिक्षित भएको र पछि पञ्चायती संरचनामा हुर्किएको यो संयन्त्र, बहुदलीय प्रजातन्त्र र गणतन्त्रसम्म आइपुग्दा राजनीतिज्ञ र बिचौलियाहरूको एजेन्टमा रूपान्तरित हुन पुग्यो ।

पूर्वकर्मचारीहरू, जसले राज्यको नीति निर्माणका छिद्रहरू राम्रोसँग बुझेका हुन्छन्, अवकाशपछि तिनै छिद्रहरूको प्रयोग गरी नीतिगत भ्रष्टाचारको तानाबाना बुन्ने मुख्य सूत्रधार बन्दै आएका छन् । प्रचण्ड र केपी शर्मा ओलीको नेतृत्वमा रहेका पछिल्ला सरकारहरूमा देखिएको अराजकता र संस्थागत क्षय यसैको चरमोत्कर्ष थियो ।

यस परिप्रेक्ष्यमा, २०८२ सालको आमनिर्वाचनबाट अभूतपूर्व जनमत प्राप्त गरी उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र त्यसको नेतृत्व गर्ने बालेन्द्र शाहका अगाडि विद्यमान कानुनी अड्चन, ७१ भन्दा बढी पुराना ऐनहरू र २२ वटै मन्त्रालयका नीतिहरूमा आमूल सुधार गर्नुपर्ने ऐतिहासिक चुनौती खडा भएको छ ।

प्रस्तुत आलेखमा विगतका ऐतिहासिक तथ्यहरू, कर्मचारीतन्त्रको कार्यशैली, ०८२ सालको जेनजी आन्दोलनको प्रभाव र आगामी सरकारका लागि आवश्यक पर्ने नीतिगत तथा कानुनी सुधारका विषयलाई समेट्ने प्रयास गरिएको छ ।

### प्रशासनिक संरचनाको जग

नेपालको वर्तमान कर्मचारीतन्त्रको मनोविज्ञान र कार्यशैली बुझ्न सन् १९५२ (२००९ साल) को एनएम बुच कमिसनको पृष्ठभूमि अध्ययन गर्नु अपरिहार्य छ । १०४ वर्षे राणा शासनको अन्त्यपछि नेपालको प्रशासनिक संयन्त्रलाई आधुनिकीकरण गर्ने उद्देश्यले तत्कालीन राजा त्रिभुवन र मातृकाप्रसाद कोइरालाको सरकारले भारत सरकारसमक्ष विशेषज्ञ टोलीको माग गरेको थियो ।

भारतीय सिभिल सर्भिसका वरिष्ठ अधिकारी एनएम बुचको नेतृत्वमा आएको टोलीले नेपालको प्रशासन संयन्त्रको अध्ययन गरी १४३ वटा विभिन्न सिफारिसहरू प्रस्तुत गरेको थियो । बुच कमिसनले मन्त्रालयहरूको सङ्ख्या १७ बाट घटाएर ११ बनाउने, मुख्यसचिवको पद सिर्जना गर्ने, हाजिरी गोश्वाराजस्ता पुराना अड्डाहरू खारेज गर्ने र लोकसेवा आयोगलाई प्रभावकारी बनाउने जस्ता संरचनागत सुधारका खाकाहरू कोरेको थियो ।

यद्यपि, यो संरचना बेलायती औपनिवेशिक मानसिकता र राणाकालीन हुकुमी शैलीको सम्मिश्रणबाट बनेको कर्मचारी प्रणाली हुनाले यसमा जनताको सेवा गर्नेभन्दा पनि शासन गर्ने र फाइल अड्काएर शक्ति अभ्यास गर्ने प्रवृत्ति हावी भयो । तत्कालीन समयमा समावेशी र प्रतिनिधिमूलक कर्मचारीतन्त्रको परिकल्पना नगरिनुले निश्चित वर्ग र सम्भ्रान्तहरूको मात्र राज्यसत्तामा पहुँच स्थापित भयो । यही केन्द्रीकृत र नियन्त्रणमुखी प्रशासनिक जग नै कालान्तरमा नेपालको विकास र डेलिभरी संयन्त्रको मुख्य बाधक बन्न पुग्यो ।

### ०१५ को जनमत र ०१७ को 'कू'


नेपालको संसदीय इतिहासमा ०१५ सालको आमनिर्वाचन एक युगान्तकारी घटना थियो । लामो सङ्क्रमणकाललाई चिर्दै नेपाली कांग्रेसले प्रतिनिधिसभाका १०९ सिटमध्ये ७४ सिटमा विजय हासिल गरी दुई तिहाइ बहुमत प्राप्त गरेको थियो । बीपी कोइरालाको नेतृत्वमा गठित सरकारले नेपाललाई आधुनिकीकरणको बाटोमा डोर्‍याउने महत्त्वाकाङ्क्षी योजनाहरू अघि सार्‍यो ।

यद्यपि, १८ महिनाको छोटो अन्तरालमै ०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित सरकारलाई बर्खास्त गरी शासनसत्ता आफ्नो हातमा लिए । बीपी कोइराला नेतृत्वको सरकार पतन हुनुको पछाडि आन्तरिक स्वार्थसमूहहरूको ठूलो भूमिका थियो । बीपी कोइरालाको सरकारले ल्याएको बिर्ता उन्मूलन र भूमिसुधार कार्यक्रमले तत्कालीन समयमा सेना, दरबार र प्रशासनमा पकड राख्ने जमिनदार तथा कुलीन वर्ग (भारदारहरू) को आर्थिक स्वार्थमा गम्भीर धक्का पुर्‍याएको थियो ।

सेनाको नेतृत्वमा रहेका पुराना भारदार र सम्भ्रान्त वर्गले आफ्नो गुम्दै गएको विशेषाधिकार जोगाउन राजा महेन्द्रसँग मिलेर जननिर्वाचित सरकारलाई असफल बनाउने षड्यन्त्र रचेका थिए । उनीहरूले राजा र प्रधानमन्त्रीबीचको शक्तिसङ्घर्षलाई मलजल गर्दै लोकतान्त्रिक प्रक्रियालाई बलात् मिच्ने काम गरे ।

दोस्रो प्रमुख कारण राजा महेन्द्र र बीपी कोइरालाबीचको शक्ति सन्तुलन र अहंको टकराव थियो । राजा महेन्द्र आफूलाई सक्रिय र शक्तिशाली राष्ट्रप्रमुखका रूपमा स्थापित गर्न चाहन्थे भने बीपी कोइराला संसदीय सर्वोच्चता र संवैधानिक राजतन्त्रमा दृढ विश्वास गर्थे । बीपी कोइरालाको बढ्दो अन्तर्राष्ट्रिय लोकप्रियता, बौद्धिक उचाइ र पार्टीको दुई तिहाइ बहुमतलाई राजा महेन्द्रले आफ्नो अस्तित्व र शाही सत्ताका लागि खतराका रूपमा महसुस गरे ।

एकातर्फ यस्तो चल्दै थियो भने अर्कोतर्फ तत्कालीन समयको भू-राजनैतिक अवस्था पनि अत्यन्तै जटिल थियो । हाम्रो उत्तरी सीमामा भारतीय सेनाका १८ वटा चेकपोस्टहरू थिए । ०१५ सालमा सरकारले यी चेकपोस्टहरू हटाउन चाहे पनि १९५० को शान्ति तथा मैत्री सन्धि र त्यसपछिका पत्राचारहरूले भारतलाई नेपालको सुरक्षा मामिलामा विशेष हैसियत दिएका कारण यो तत्काल सम्भव थिएन । भारतले नेपालको उत्तरी सीमालाई आफ्नो सुरक्षा छाताको पहिलो चेकप्वाइन्टका रूपमा हेर्ने गर्थ्यो ।




यसै सन्दर्भमा जुन २८, १९६० मा मुस्ताङको कोरे पासनजिकै गम्भीर घटना भयो । चिनियाँ जनमुक्ति सेनाले नेपाली सीमाभित्र गस्ती गरिरहेका निहत्था नेपाली प्रहरी सुबेदार बमप्रसादलाई गोली हानी मारे र करिब १५ जनालाई बन्दी बनाए । यस घटनाले नेपालको सार्वभौमिकता र राज्य संयन्त्रभित्र ठूलो खैलाबैला मच्चायो । बीपी कोइरालाले यसको कडा विरोध गर्दै चिनियाँ प्रधानमन्त्री चाउ एन-लाईसँग स्पष्टीकरण, माफी र क्षतिपूर्तिको माग गरे । कूटनीतिक संवाद र दबाबपछि चीनले नेपाली प्रहरीलाई तिब्बती विद्रोही ठानेर गल्तीले गोली चलेको स्वीकार गर्दै माफी माग्यो र ५० हजार रुपैयाँ क्षतिपूर्तिसमेत उपलब्ध गरायो ।

यद्यपि, यही भू-राजनीतिक अस्थिरता र राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई हतियार बनाउँदै राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अकर्मण्य र राष्ट्रियता रक्षा गर्न नसकेको आरोप लगाएर सत्ता हातमा लिएका थिए । यो घटनाले राज्य संयन्त्रभित्र वैदेशिक नीति र आन्तरिक राजनीतिको अन्तरघुलन कति खतरनाक हुन्छ भन्ने पुष्टि गर्छ ।

### महेन्द्र, वीरेन्द्र र ०३६ को जनमतसंग्रह

०१७ सालपछि राजा महेन्द्रले पञ्चायती व्यवस्थाको नाममा प्रत्यक्ष शासन सुरु गरे । उनले चिनियाँ कार्डको प्रयोग गरेर भारतको एकलौटी प्रभावलाई चुनौती दिने रणनीति अपनाए । कोदारी राजमार्ग निर्माण गरेर चीनसँगको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याएर भारतलाई झस्काइदिए । महेन्द्रले नेपाललाई पूर्ण रूपमा स्वतन्त्र र तटस्थ शक्ति बनाउन खोज्नु र भारतले नेपाललाई सधैँ आफ्नो सुरक्षा घेराभित्र राख्न खोज्नुबीच निरन्तर द्वन्द्व चलिरह्यो ।

०२८ सालमा चितवनको भरतपुरमा ५१ वर्षको अल्पायुमै राजा महेन्द्रको निधन भयो । आधिकारिक रूपमा उनको मृत्यु हृदयाघातबाट भएको भनियो । उनको निधनसँगै नेपालको वैदेशिक नीतिमा रहेको रणनीतिक सन्तुलन बिस्तारै खलबलिन पुग्यो । राजा महेन्द्रको उत्तराधिकारीका रूपमा आएका राजा वीरेन्द्रले ०३१ साल फागुनमा आफ्नो राज्याभिषेकको अवसरमा नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव विश्व समुदायसमक्ष राखे ।

यसको अन्तर्य नेपाललाई स्विट्जरल्यान्डजस्तै तटस्थ राष्ट्र बनाउनु र कुनै पनि क्षेत्रीय वा विश्वव्यापी सैन्य गठबन्धनबाट मुक्त राख्नु थियो । ११६ भन्दा बढी राष्ट्रले यसलाई समर्थन गरे तापनि भारतले यसलाई स्वीकार गरेन । किनभने यसले सन् १९५० को सन्धिको सुरक्षा प्रावधानलाई खारेज गर्ने र भारतको प्रभावलाई कमजोर बनाउने विश्लेषण नयाँदिल्लीको रह्यो ।०३६ सालमा पाकिस्तानमा जुल्फिकर अली भुट्टोलाई फाँसी दिइएको विरोधमा सुरु भएको विद्यार्थी आन्दोलनले नेपालमा राजतन्त्रविरोधी र पञ्चायतविरोधी उग्र स्वरूप लियो । आन्दोलनले यस्तो उग्र रूप लियो कि राजा वीरेन्द्र अप्रत्याशित रूपमा जनमतसङ्ग्रहको घोषणा गर्न बाध्य भए । जनमतसङ्ग्रहमा सुधारिएको पञ्चायतले ५४ प्रतिशत मत ल्याएर विजय हासिल गरे पनि यसले निर्दलीय व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको आधार तयार पारिसकेको थियो ।

### ०४६ को जनआन्दोलन र राजनीतिक अस्थिरता

०४६ सालको जनआन्दोलनले ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गर्‍यो । ०४७ सालको संविधानले सार्वभौमसत्ता पहिलोपटक नेपाली जनतामा निहित गर्‍यो र बहुदलीय संसदीय व्यवस्थालाई संस्थागत गर्‍यो । यद्यपि, यो संविधानमा राजाको विशेषाधिकार र नेपाली सेनामाथि उनको पकडलाई स्पष्ट रूपमा हटाइएको थिएन । यसै कारण दरबार र राजनीतिक दलहरूबीच टकराव हुनु स्वाभाविक थियो ।०४८ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरेपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । तर, सरकार प्रतिपक्षीको कारणले भन्दा पनि पार्टीभित्रको आन्तरिक कलहले असफलताउन्मुख थियो । कांग्रेसभित्र प्रधानमन्त्री कोइराला पक्षका ७४ सांसद र असन्तुष्ट समूहका ३६ सांसदबीचको शक्तिसङ्घर्षले पार्टीभित्र चरम रूप लियो ।

आफ्नै पार्टीका ३६ सांसदले सरकारको नीति तथा कार्यक्रममा असहयोग गर्दै संसद्मा भोट हाल्न अस्वीकार गरेपछि, ०५१ सालमा गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरे । यो निर्णय नेपालको लोकतान्त्रिक इतिहासमा अदूरदर्शी कदम साबित भयो । यसले देशलाई लामो राजनीतिक अस्थिरता, त्रिशङ्कु संसद् र गठबन्धनको विकृत खेलमा धकेल्यो । यहीँबाट नेपालको राजनीतिमा बिचौलिया वर्गको निर्माण भयो ।

०५२ सालमा ४० बुँदे माग राखेर सुरु भएको माओवादी जनयुद्धले आगामी १० वर्षमा देशको सम्पूर्ण पुरानो सामाजिक, राजनीतिक शक्ति सन्तुलनलाई भत्काइदियो । यसो हुनुका मुख्य तीनवटा कारण थिए । पहिलो, राजनीतिक भ्रष्टाचार र अस्थिरता । दोस्रो, विद्यमान सामाजिक विभेद । तेस्रो, प्रशासनिक असफलता ।

त्यसपछि आइपुग्यो अप्रत्याशित २०५८ जेठ १९ । दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको सपरिवार हत्या भयो । यसले नेपालको आन्तरिक राजनीतिक सन्तुलनको मियो नै भाँचिदियो । त्यसपछि सत्तामा आएका राजा ज्ञानेन्द्रले ०६१ सालमा प्रत्यक्ष शासन सुरु गर्दै दलीय पूर्वाधार भत्काउने र नेताहरूलाई अपमानित गर्ने राजनीतिको बीजारोपण गरे । भलै उनको प्रत्यक्ष शासनकाल धेरै समय टिक्न सकेन ।

ज्ञानेन्द्रको प्रत्यक्ष शासनकै क्रममा संसद्वादी राजनीतिक दल र विद्रोही माओवादीबीच भारतको दिल्लीमा १२ बुँदे सम्झौतामार्फत देश ०६२/०६३ को जनआन्दोलनमा प्रवेश गर्‍यो ।

### गणतन्त्र स्थापना र कर्मचारीतन्त्र

०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा माओवादी सबैभन्दा ठूलो दल बनेपछि पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बने । तर नौ महिनामै उनको सरकार ढल्यो । यसको मुख्य कारण तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवाललाई हटाउने प्रयास थियो । प्रचण्डले नागरिक सर्वोच्चताको कुरा उठाए पनि सेनामाथिको नियन्त्रण स्थापित गर्ने उनको कदमलाई तत्कालीन राष्ट्रपति रामवरण यादवले उल्टाइदिएपछि प्रचण्डले राजीनामा दिनुपर्‍यो, यो पनि राजनीतिक र रणनीतिक अपरिपक्वता थियो ।

यस पतनको पछाडि प्रचण्डको अस्थिर राजनीतिक स्वभाव, भारत र चीनबीचको कूटनीतिक सन्तुलन मिलाउन नसक्नु र माओवादी पार्टीभित्रैको वैचारिक आन्तरिक कलह प्रमुख कारण थिए । ०७२ सालमा नयाँ संविधान जारी भएपछि ०७४ को आमनिर्वाचनमा एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले झन्डै दुई तिहाइ बहुमत प्राप्त गर्‍यो । केपी शर्मा ओलीको नेतृत्वमा बनेको यो सरकार इतिहासकै सबैभन्दा शक्तिशाली सरकार मानिएको थियो ।

तर, यो सरकार पनि आफ्नै कार्यकाल पूरा नगरी ढल्यो । नेताहरूको व्यक्तिगत महत्त्वाकाङ्क्षा र शक्ति बाँडफाँटको विवादले गर्दा संसद् विघटनको चक्र चलिरह्यो । ओली र प्रचण्ड नेतृत्वका सरकारहरू असफल हुनुमा व्यक्तिगत अहङ्कार जति जिम्मेवार थियो, त्योभन्दा कैयौँ गुणा बढी जिम्मेवार संस्थागत स्वार्थसमूह, बिचौलिया र पूर्वकर्मचारीहरूबीचको सेटिङ थियो । नेपालको कर्मचारीतन्त्र कानुनको अक्षरशः पालना गर्नेभन्दा पनि राजनीतिक नेतृत्वसँगको मिलेमतोमा नीतिगत भ्रष्टाचारमार्फत राज्यको स्रोत दोहन गर्न अभ्यस्त छ ।

विगतका केही वर्षहरूमा छताछुल्ल भएका भ्रष्टाचारका काण्डहरूले राज्य संरचनामा कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वको कस्तो डरलाग्दो नेक्सस छ भन्ने यसैले प्रमाणित गर्छ । ललिता निवास जग्गा प्रकरण, भुटानी शरणार्थी प्रकरण, सुडान घोटाला यसैका केही प्रतिनिधि उदाहरण हुन् ।

### जेनजी विद्रोह र नयाँ राजनीतिको उदय

३३ वर्षसम्म शासन गरेका पुराना दलहरूको सिन्डिकेट, डेलिभरीमा पूर्ण असफलता र भ्रष्टाचारका काण्डहरूले आम नेपाली नागरिक, विशेषगरी नयाँ पुस्तामा चरम निराशा र आक्रोश पैदा गरिसकेको थियो । रोजगारीको अभावमा लाखौँ युवाहरू खाडी र युरोप-अमेरिका पलायन हुन बाध्य थिए । अर्थतन्त्र रेमिट्यान्समा मात्र निर्भर थियो र देशको युवा बेरोजगारी दर २० प्रतिशतभन्दा माथि पुगिसकेको थियो ।

पूर्वसरकारको कदमले लोकतान्त्रिक अधिकार र अभिव्यक्ति स्वतन्त्रतामाथि ठाडो प्रहार गरेको महसुस गर्दै भदौ २२ मा हजारौँ युवाहरू माइतीघर मण्डलामा उत्रिए । शान्तिपूर्ण रूपमा सुरु भएको जेनजी आन्दोलनमाथि सरकारले अत्यधिक र अन्धाधुन्ध बल प्रयोग गर्‍यो । प्रहरीको गोली लागेर १९ जनाको ज्यान गयो ।

राजनीतिक शून्यता र सडकको अराजकतालाई नियन्त्रण गर्न नेपाली सेनाको मध्यस्थतामा आन्दोलनरत युवाहरूसँग संवाद भयो । परम्परागत दलीय संयन्त्रप्रति पूर्ण अविश्वास दर्शाएका युवाहरूले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीमा प्रस्ताव गरे । भदौ २६ गते राष्ट्रपति रामचन्द्र पौडेलले संसद् विघटन गर्दै सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरे र फागुन २१ का दिन देशैभर निर्वाचनको घोषणा गरे ।

फागुन २१ मा सम्पन्न आमनिर्वाचनले नेपालको राजनीतिक परिदृश्यलाई पूर्ण रूपमा फेरिदियो । परम्परागत दलहरूलाई नराम्ररी पराजित गर्दै बालेन प्रधानमन्त्रीमा नियुक्त भए । रास्वपाबाट निर्वाचन लडेका उनकै व्यक्तित्वका कारण रास्वपाले प्रतिनिधिसभाको २७५ सिटमध्ये १८२ सिट (प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७) जितेर दुई तिहाइ बहुमतनजिकको ऐतिहासिक सफलता हासिल गर्‍यो ।

### बालेनको भावी मार्ग

बहुमतनजिकै पुगेका र बहुमत पाएका अघिल्ला सरकारहरू आन्तरिक कलह, कर्मचारीतन्त्रको असहयोग र वैदेशिक प्रभावका कारण असफल भएका थिए । तर, बालेन नेतृत्वको सरकारलाई त्यो छुट छैन । नागरिकहरू सैद्धान्तिक गफभन्दा परिणाम चाहन्छन् । त्यसैले यो सरकारले तत्कालै चाल्नुपर्ने केही महत्त्वपूर्ण कदम छन् ।

पहिलो, सार्वजनिक खरिद ऐन २०६३ लाई परिमार्जन गर्ने । दोस्रो, निजामती सेवा ऐन संशोधन गर्दै मन्त्रालयमा सक्रिय दलीय ट्रेड युनियनहरूमाथि प्रतिबन्ध लगाउने । तेस्रो, भ्रष्टाचार निवारण ऐन र अख्तियारको पुनर्संरचना गर्नुपर्ने । चौथो, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई विचार गर्नुपर्ने देखिन्छ ।

इतिहासले बारम्बार प्रमाणित गरेको कठोर सत्य के हो भने- चुनावमा दुई तिहाइ जनमत पाएर वा नयाँ सरकारको नेतृत्व गरेर मात्रै पुग्दैन । राज्य सञ्चालन गर्ने प्रणाली बदल्ने अदम्य साहस, कर्मचारीतन्त्रको सेटिङ तोड्ने इच्छाशक्ति र वैदेशिक प्रभावलाई सन्तुलनमा राख्ने कूटनीतिक चातुर्य चाहिन्छ । बीपी कोइरालाको पतनमा सेना, भारदारहरूको असहयोग तथा भू-राजनीतिक संवेदनशीलता जिम्मेवार थियो भने अहिलेको सरकारले विगतबाट पाठ सिकेन भने यसको पनि नियति विगतजस्तै हुन सक्छ ।रातोपाटी

# निर्वाचनपछि सिन्धुली : विद्रोहदेखि समाजवादी कार्यदिशातर्फ



हरिबोल गजुरेल

संघीय निर्वाचनपछिको प्रारम्भिक समीक्षाका क्रममा हामी रौतहट हुँदै सिन्धुली पुग्यौं । रौतहटमा सिन्धुली-२ मा जिल्ला कार्यदलबाट अगाडि सारिएका विद्रोही उम्मेदवारको पक्षमा खुलेर ऐक्यबद्धता जनाउने कमरेडहरूसँगको भेट औपचारिक मात्र थिएन; त्यो गहिरो आत्मीयताको अभिव्यक्ति थियो ।

सिन्धुलीका विद्रोही कमरेडहरूसँगको संवादमा देखिएको दृढता उल्लेखनीय थियो । उनीहरू सतिसालझैं अडिग थिए । उनीहरूले केवल व्यक्तिगत साहस मात्र प्रदर्शन गरेनन्, आन्दोलनभित्र विकसित ऐतिहासिक चेतनाको पनि सशक्त अभिव्यक्ति दिए । त्यहाँको भेटघाट केवल औपचारिक थिएन, विद्रोहको जनस्तरीय स्वीकारोक्ति र प्रतिबद्धताको सशक्त संकेत थियो ।

संस्थापन पक्षले जिल्ला सेक्रेटरी कमरेड विनोद विकलाई बैठकमा आमन्त्रण गरी गरिएको दुर्व्यवहारप्रति उत्पन्न आक्रोश स्वाभाविक रूपमा तीव्र बन्यो । बुद्धिमान माझी (वसन्त), दीर्घराज श्रेष्ठ र पानीराज बम्जनलगायत १४ जना कमरेडमाथि कारवाहीको सिफारिस भएको घटनाले संगठनभित्र गहिरिँदै गएको संकटलाई उजागर मात्र गरेन, आगोमा घिउ थप्ने काम गर्‍यो ।

सिन्धुलीमा देखिएको विद्रोह आकस्मिक प्रतिक्रिया होइन । यो लामो समयदेखि थिचिँदै आएको असन्तुष्टिको विस्फोट हो । यसका जरा संगठनभित्र जनवादी केन्द्रीयताको क्षयिकरण, विचार-नीति-व्यवहारबिचको बढ्दो अन्तर र नेतृत्वको वैधतामाथि देखिएको संकटसम्म पुगेको छ । प्रचण्डमा रूपान्तरण सम्भव छ वा छैन भन्ने कुरा सिन्धुलीको अन्तरसंघर्षको पटाक्षेपले नै निर्धारण गर्छ भन्ने हाम्रो साझा बुझाइ तथ्यमा आधारित रहेको पुष्टि भयो ।

विगत तीन वर्षदेखि अग्रज कमरेडहरूबिच हुँदै आएको विचार-विमर्शले यसप्रकारका गैर-सर्वहारा प्रवृत्ति विरुद्ध संघर्षको बीउ रोपेको थियो । जुन सोचे अनुरुप नै मूलतः सफल भईसकेको छ । यसअर्थमा, यो विद्रोह केवल असन्तुष्टि होइन, यो वैचारिक पुनर्संरचनाको प्रारम्भिक अभिव्यक्ति हो । त्यसैले यसलाई समाजवादी कार्यदिशाको विकास र कार्यान्वयनसँग जोडिएको ऐतिहासिक आवश्यकताका रूपमा बुझ्नुपर्छ ।

यस विद्रोहमा रौतहटका कमरेडहरूले जोखिम मोलेर देखाएको भौतिक तथा नैतिक ऐक्यबद्धता र झापाबाट आएका समर्थनका स्वरहरूले स्पष्ट सन्देश दिन्छन्- यो केवल एउटा जिल्लाको असन्तुष्टी होइन; माओवादी आन्दोलनभित्र विकसित व्यापक वैचारिक द्वन्द्वको संगठित अभिव्यक्ति हो ।

निर्वाचनकै क्रममा सिन्धुली पुगेका पूर्वका एकजना माओवादी नेताले भनेका थिए, 'सिन्धुली पूर्वको आस्थाको केन्द्र हो, संयोग मात्र होइन ।' यो अभिव्यक्तिले गहिरो ऐतिहासिक यथार्थलाई संकेत गर्छ । यसले देखाउँछ कि सिन्धुली केवल विकसित भौगोलिक क्षेत्रका रुपमा मात्र नभई, आन्दोलनको वैचारिक उर्जा उत्पादन गर्ने केन्द्रको रुपमा पुनः उदाउँदैछ ।

जनयुद्धकालमा 'पूर्वको रोल्पा' का रूपमा चिनिएको सिन्धुलीले त्यतिबेला प्रतीकात्मक भूमिका खेलेको थियो; आज फेरि समाजवादी कार्यदिशाको कार्यान्वयनका लागि नयाँ पहिचानसहित त्यही ऐतिहासिक भूमिकातर्फ गुणात्मक रूपमा फर्किंदै गरेको संकेत देखिन्छ । यो पुनरावृत्ति मात्र होइन, रूपान्तरणको सम्भावना हो ।

आजको यथार्थ के हो भने जनचेतना अब केवल भावनात्मक नारामा सीमित छैन । यो अनुभव, परिणाम र नेतृत्वप्रतिको विश्वासमा आधारित बन्दै गएको छ । रौतहटको सक्रियता, झापाको चिन्ता र सिन्धुलीको विद्रोह, यी तीन धारा मिलेर आन्दोलनभित्र नयाँ वैचारिक पुनर्संयोजनको संकेत गर्छन् ।

रौतहट, झापा र सिन्धुली केवल भौगोलिक एकाइ होइनन्; यी कम्युनिस्ट आन्दोलनका ऐतिहासिक प्रतीक हुन् । जब यस्ता प्रतीकहरू चेतन रूपमा व्यवहारमा प्रकट हुन्छन्, तब नयाँ शक्ति निर्माणको प्रक्रिया सुरु हुने आधार तयार हुन्छ । त्यसैले यी क्षेत्रहरूको पुनः सक्रियता स्वयंमा आन्दोलनले नयाँ दिशा लिन सक्ने संकेत हो ।

अब मुख्य प्रश्न कार्यदिशाको हो । यदि यस विद्रोहलाई केवल संगठनात्मक वा कार्यशैलीगत असन्तुष्टिमा सीमित गरियो भने यो क्षणिक घटना बनेर हराउनेछ । तर यसलाई संगठित, वैचारिक र लक्ष्यनिष्ठ आन्दोलनमा रूपान्तरण गर्न सकियो भने, यसले नयाँ समाजवादी धाराको ठोस आधार निर्माण गर्न सक्छ ।

### आगामी कार्ययोजना

आगामी कार्ययोजनाका लागि रणनीतिक लक्ष्य र कार्यान्वयनका उपायहरु निर्दिष्ट गर्नु पर्नेछ । यसलाई निम्नगरी लिपिवद्ध गर्न सकिन्छ । आगामी कार्ययोजनालाई स्थानीय विद्रोहलाई राष्ट्रिय स्तरको वैचारिक-संगठनात्मक आन्दोलनमा रूपान्तरण गर्ने । व्यक्तिवादी तथा स्वेच्छाचारी निर्णय प्रक्रियाविरुद्ध वैचारिक संघर्षलाई तीव्र बनाउने । इतिहासका छुटेका कडीहरूलाई पुनः जोड्दै नयाँ समाजवादी धारा निर्माण गर्ने ।

त्यस्तै कार्यान्वयनका उपायहरुमा केन्द्रीय वैचारिक मञ्च निर्माण गर्ने, जहाँ बहस, नीति निर्माण र संगठनात्मक समन्वय एकीकृत रूपमा अघि बढ्न सकोस् । भुइँतहमा जनसम्बन्धमा आधारित, उत्पादन-केन्द्रित र आत्मनिर्भर संगठन निर्माण गर्ने । जनयुद्धको प्रत्यक्ष अनुभव नभएको नयाँ पुस्तालाई केन्द्रमा राखेर आन्दोलनको पुनर्संरचना गर्ने ।

तथा जोड-घटाउमा आधारित, व्यक्तिगत स्वार्थकेन्द्रित ध्रुवीकरण र एकता अब असफल भइसकेका छन् । कम्युनिस्ट आन्दोलन तिब्र गतिमा विघटोन्मुख छ । अब आवश्यक छ- स्पष्ट दृष्टि, वैचारिक प्रतिबद्धता र संगठनात्मक अनुशासनमा आधारित नयाँ आरम्भ अर्थात जगको निर्माण । अब प्रश्न विकल्पको होइन, ऐतिहासिक जिम्मेवारीको हो । सही निर्णय लिन सकिएन भने इतिहासले केवल माफी नदिने मात्र होइन हामीलाई नै अस्वीकार गर्ने निश्चित छ । त्यसैले गम्भीरतापूर्वक आ-आफ्नो भूमिकामा खटौं ।रातोपाटी

# आदिवासी जनजाति महासङ्घ, सङ्घीय परिषद् सचिवालय नेतृत्वको औपचारिक घोषणा



काठमाण्डु। नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन) ले आफ्नो २१ सदस्यीय सङ्घीय परिषद् सचिवालय सार्वजनिक गर्दै आगामी कार्यदिशा र योजनाहरू प्रस्तुत गरेको छ । आज काठमाडौँस्थित महासङ्घको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा नयाँ नेतृत्वको औपचारिक घोषणा गरिएको हो।

यही चैत ५ गते सम्पन्न एघारौँ राष्ट्रिय महाधिवेशनले निमा लामा ह्योल्मोको नेतृत्वमा नयाँ सङ्घीय परिषद् सचिवालय चयन गरेको थियो।

सोही निर्णयअनुसार मंगलबार औपचारिक रूपमा पदाधिकारीहरूको नामावली सार्वजनिक गरिएको हो।नवगठित सचिवालयको अध्यक्षमा ह्योल्मो, वरिष्ठ उपाध्यक्षमा दिलबहादुर गुरुङ। उपाध्यक्षहरूमा अमृतबहादुर सुनुवार, आङपासाङ शेर्पा, चन्द्रलाल राजभण्डारी (नेवार), चिनिमाया माझी, जुनिता राई, मनमाया छन्त्याल र रामकुमारसिंह दनुवार चयन हुनुभएको छ।

यस्तै, महासचिवमा विमल सारुमगर, उप-महासचिवमा गणेश कुमाल, सचिवहरूमा चकचकी राजवंशी, छेवाङ बुम्छोक गुरुङ (डोल्पो), जसवी मण्डल (जस्मिन) गन्गाई, बिना मम्बा तामाङ, महेन्द्र दुरा, शिवचन्द्र मण्डल (धानुक), सन्तबहादुर चेपाङ तथा शैलेन्द्रकुमारताजपुरियारहनुभएको छ।यसैगरी, कोषाध्यक्षमा मिङमा कामी शेर्पा ढोक्पया र सह-कोषाध्यक्षमा प्रभातकुमार चौधरी चयन हुनुभएको छ।

पत्रकार सम्मेलनमा अध्यक्ष ह्योल्मोले आदिवासी जनजाति समुदायको अधिकार, पहिचान, समृद्धि तथा स्वशासन सुनिश्चित गर्न महासङ्घ दृढतापूर्वक अघि बढ्ने बताउनुभयो । उहाँले आगामी दिनमा नीति निर्माण तहमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता सुनिश्चित, सामाजिक न्यायको आधार सुदृढ तथा सांस्कृतिक पहिचान संरक्षणमा विशेष जोड दिइने बताउनुभयो । अध्यक्ष ह्योल्मोले भन्नुभयो, "हामी आदिवासी जनजातिको अधिकार, पहिचान र स्वशासन सुनिश्चित गर्न प्रतिबद्ध छौँ । समुदायको स्वाभिमान र आत्मनिर्भरता मजबुत बनाउने दिशामा योजनाबद्ध रूपमा अघि बढ्नेछौँ।"

महासङ्घले आगामी कार्ययोजनाअन्तर्गत सङ्घीयता कार्यान्वयनमा आदिवासी जनजातिको भूमिका सुदृढ गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी तथा भाषा-संस्कृति संरक्षणमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने जनाएको छ। साथै, स्थानीय, प्रदेश र सङ्घीय तहमा नीति तथा कानुन निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्ने लक्ष्य पनि सार्वजनिक गरिएको छ।रासस

> "हामी आदिवासी जनजातिको अधिकार, पहिचान र स्वशासन सुनिश्चित गर्न प्रतिबद्ध छौँ । समुदायको स्वाभिमान र आत्मनिर्भरता मजबुत बनाउने दिशामा योजनाबद्ध रूपमा अघि बढ्नेछौँ ।"

## वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र :

# बढी शुल्क लिने निजी विद्यालयमाथि अनुगमन हुँदै

काठमाण्डु। आगामी वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्रको सञ्चालन र मापदण्ड विपरीतको भर्ना शुल्क फिर्ता गराउन सङ्घीय सरकारले स्थानीय सरकारलाई पत्राचार गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई पत्राचार गरी निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन यही चैत २२ गतेको शिक्षा मन्त्रालयको निर्देशन कार्यान्वयन र अनुगमनका लागि आग्रह गरेको हो।

इन्धन आपूर्तिको असहजताका कारण वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र सञ्चालन गर्न सोही दिनको नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको थियो। विद्यालय तहको सञ्चालन र अनुगमनका लागि स्थानीय तहलाई संविधानः अधिकार रहेको छ।

नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन शिक्षा मन्त्रालयले तदारुकता देखाएको हो । सरकारले विद्यमान कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण मााापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाएको हो।शिक्षा मन्त्रालयले प्रचलित कानुनअनुसार भर्ना भएपश्चात मात्र स्वीकृत गरिएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीबाट अग्रिम शुल्क असुल गरिएको, साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिएको गुनासो आएपछि कारबाही गर्न पहल गरेको हो।

यस्तै एउटै विद्यालयमा एक पटक भर्ना भएपश्चात पनि पटकपटक भर्ना शुल्क लिएको जस्ता गुनासो आएको र सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिकसत्र सुरु नहुँदै भर्ना नगर्न, नियमविपरीत शुल्क नलिन, कानुनी प्रावधानभन्दा बाहिर हुनेगरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कारवाही गर्ने व्यवस्थाका लागि सम्पूर्ण स्थानीय तहलाई पत्राचार गरिएको हो।



मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरूपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारवाही हुन सक्नेतर्फ समेत सचेत गराइएको बताउनुभयो।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को (ग) को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लङ्घन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ ।

शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र सुवेदीले शिक्षा मन्त्रालयबाट भएको निर्देशनलाई कार्यान्वयनका क्रममा शिक्षा विकास तथा समन्वय विकास एकाइद्वारा आवश्यक समन्वय र सहजीकरण गरिने बताउनुभयो । उहाँले वैशाख १५ गतेदेखि मात्रै विद्यार्थी भर्ना गर्न र कक्षा सञचालन गर्न सबै विद्यालयलाई आग्रह गर्नुभयो । अधिकांश निजी विद्यालयमा भर्ना वैशाख १५ अगावै हुने स्थिति देखिन्छ।

शिक्षाविद् डा बालचन्द्र लुईंटेलले शैक्षिकसत्रको सञ्चालनमा एकरूपता ल्याउन र निजी विद्यालयको शुल्क व्यवस्थापनमा नियमको पालना गराउनु राम्रो भएको बताउनुभयो । उहाँले भन्नुभयो, "शिक्षा जस्तो सामाजिक क्षेत्रमा नियमन गर्नु अत्यावश्वक छ । विगतका सरकारले भन्दा अहिलेको सरकारले कानुनको कार्यान्वयनमा तदारुकता देखाउनु सकारात्मक हो ।"काठमाडौँको रानीदेवी माध्यामिक विद्यालयका प्रधानाध्यपक नारयणप्रसाद गौतमले वैशाख १५ गतेदेखि शैक्षिकसत्र सुरु गर्ने सरकारको निर्णय आफूहरूले कार्यान्वयन गर्ने तर भर्ना प्रक्रिया त्यसअघि नै थाल्ने तयारी गरेको बताउनुभयो।

उच्चशिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्र आफैँमा महत्त्वपूर्ण, गरिमामय र संवेदनशील क्षेत्र भएकाले यस्ता विषयमा निर्णय गर्दा सरकारले सरोकार भएका पक्षसँग संवाद गर्नु उचित भएको बताउनुभयो। उहाँले विगतमा शैक्षिकसत्रको एक महिना अगाडिदेखि भर्ना लिइँदै आएकामा यस वर्ष वैशाख १५ देखि शैक्षिकसत्र सञ्चालन भनिएपछि यसको व्यवहारिक कार्यान्वयनमा अन्योल उत्पन्न भएको गुनासो गर्नुभयो।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिकसत्र सुरु नभएको तथा शिक्षा नियमावली बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेश दिइएको थियो। यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो।रासस

## लुम्बिनी प्रदेशसभा :

# बजेट, कानुन र सुशासनका विषयमा छलफल

लुम्बिनी । लुम्बिनी प्रदेशसभाको मंगलबारको बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।



बैठकमा प्रदेशसभा सदस्य दिलकुमारी बुढाले रुकुम पूर्वमा धेरै विकास योजना अलपत्र परेको बताउनुभयो । उहाँले सामाजिक विकास डिभिजनअन्तर्गतका विद्यालय भवन निर्माण रोकिएको र मन्त्रालयमा पटकपटक पहल गर्दा पनि बजेट विनियोजन नभएको बताउँदै कार्यशैली परिवर्तन गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

अर्का प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले बजेटका कमजोरी सच्याउन र काम नगर्ने कर्मचारीलाई हटाउन सरकारलाई सुझाव दिनुभयो । यस्तै सञ्जुकुमारी चौधरीले स्वास्थ्यमा पहुँच र नागरिकलाई आत्मसम्मानसहित बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो।प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले कानुन र विधिअनुसार काम गर्न सरकारलाई आग्रह गर्नुभयो। अर्का प्रदेशसभा सदस्य तारा थापाले राप्ती-४ मा भएको कुटपिटपछि हत्या घटनामा कारबाही प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । साथै बाढीपहिरोबाट विस्थापितहरूको पुनःस्थापनामा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

अर्का प्रदेशसभा सदस्य अम्बिका काफ्लेले युवालाई देशमै रोजगारी सिर्जना गर्न सरकारको जिम्मेवारी रहेको उहाँको भनाइ थियो । अर्का प्रदेशसभा सदस्य नवराज लामिछानेले कपिलवस्तुमा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको घटनामा सङ्घीय सरकारको ध्यानाकर्षण गराउनुभयो । प्रदेशसभा सदस्य सुशीला बादीले सृजना बुढामगर र इनिसा विकका घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै महिला हिंसा रोक्न प्रभावकारी पहल आवश्यक रहेको बताउनुभयो । प्रदेशसभा सदस्य नरमाया ढकालले लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणमा सरकारले भुक्तानी बाँकी राख्न नहुने धारणा राख्नुभयो।

प्रदेशसभा सदस्य लोकाकुमारी विश्वकर्माले महिला हिंसा बढ्दै गएको भन्दै नीतिगत सुधारमार्फत घटनामा कमी ल्याउन जोड दिनुभयो । साथै किसानले मल र बीउ अभाव झेल्नुपरेको समस्या समाधान गर्न आग्रह गर्नुभयो । अर्का सदस्य वसन्ती न्यौपानेले सुशासन, सामाजिक न्याय र शान्तिको सुनिश्चितताका लागि ठोस पहल गर्नुपर्ने बताउनुभयो।रासस

# शिक्षामन्त्री पोखरेलबाट क्रिकेट मैदानको अवलोकन

सुदूरपश्चिम। शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले धनगढीमा निर्माणाधीन फाप्ला अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला तथा खेलग्रामको मंगलबार निरीक्षण गर्नुभएको छ।

त्यस अवसरमा उहाँले आगामी दिनमा सरकारले आयोजनालाई विशेष प्राथमिकतामा राखेर बाँकी काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मन्त्री पोखरेलले भन्नुभयो, "फाप्ला आयोजनाको जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) जस्ता प्राविधिक प्रक्रियाहरू सम्पन्न भइसकेका छन्। यो आयोजना राष्ट्रिय आयोजना बैङ्कमा समावेश भइसकेकाले अब सरकारले विशेष प्राथमिकतामा राखेर बजेट र कार्यान्वयनको पाटोलाई अगाडि बढाउनेछ।"



निरीक्षणका क्रममा उक्त क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण समितिका अध्यक्ष सुवास शाहीले परियोजना निर्माणबारे जानकारी गराउनुभएको थियो।

उहाँले निर्माण भएपछि समग्र देशको आर्थिक विकासका लागि 'गेम चेन्जर' परियोजना हुने भन्दै सरकारले प्राथमिकतामा राखेर काम गर्ने विश्वास व्यक्त गर्नुभयो । धनगढी उपमहानगरपालिका-३ मा निर्माण भइरहेको परियोजनाको जग्गा प्राप्ति, डिपिआर, इआइए जस्ता प्राविधिक प्रक्रियाहरू गत असार महिनामा पूरा भई राष्ट्रिय आयोजना बैङ्कमा समावेश भइसकेको छ।निरीक्षण टोलीमा प्रतिनिधिसभाका सदस्य आनन्दबहादुर चन्द र केपी खनाललगायत सहभागी हुनुहुन्थ्यो।

धनगढी क्रिकेट एकेडेमी (डिसिए)का अध्यक्षसमेत रहनुभएका निर्माण समितिका अध्यक्ष शाहीको नेतृत्वमा विगतमा धनगढीको फाप्ला मैदानमा अन्तरराष्ट्रियस्तरको क्रिकेट रङ्गशालानिर्माणकालागि 'ड्रिमफाप्ला' अभियान अघि सारिएको थियो। खेलग्रामअन्तर्गत यहाँ अन्तरराष्ट्रिय मापदण्डअनुरुप ५० हजार दर्शक क्षमताको क्रिकेट रङ्गशाला चरणबद्ध रूपमा निर्माण गरिने लक्ष्य छ।

यस्तै, रङ्गशालामा फुटबल मैदान, पौडी पोखरी, ट्र्याक एन्ड फिल्ड, मल्टी स्पोर्ट्स हल, स्पोर्ट्स म्युजियमलगाएतका पूर्वाधारहरू समावेश गरिने छन् । आयोजनाको लागत रु २६ अर्ब अनुमान गरिएको छ।रासस

# 'संविधानले नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेको छ'




काठमाण्डु। नेपाल ट्रेड युनियन कांग्रेसले नेपालको संविधानमा नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेकाले यो अधिकार खोस्न नहुनेमा जोड दिएको छ।

युनियनले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा संविधानको धारा ३४ (३) ले श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकको 'ग्यारेन्टी' गरेकाले ट्रेड युनियन खारेज गर्न नहुने स्पष्ट पारेको हो।

युनियनका अध्यक्ष योगेन्द्रकुमार कुँवरले शासकीय सुधारका दृष्टिले सरकारले ल्याएका कार्यक्रम राम्रा भए पनि बुँदा नं १२ मा ट्रेड युनियन खारेज गर्ने निर्णय श्रमिकलाई मान्य नहुने बताउनुभयो। "हामीले दलीय ट्रेड युनियन हुनुपर्छ भनेका छैनौँ, तर ट्रेड युनियन खारेज गर्नुपर्छ भन्ने निर्णयमा हाम्रो आपत्ति हो", उहाँले भन्नुभयो, "त्यसैले हाम्रो सङ्गठन स्वतन्त्र तथा पेसागत ट्रेड युनियन आन्दोलनको पक्षमा सधैँ दृढ छ।"

युनियनका महासचिव अजयकुमार राईले सरकारले ट्रेड युनियन खारेजसम्बन्धी गरेको निर्णय नेपालको संविधान र अनुमोदित अन्तरराष्ट्रिय महासन्धिसँग पनि मेल नखाने बताउनुभयो। सरकारको उक्त घोषणाले अन्तरराष्ट्रिय ट्रेड युनियनले पनि चासो राखेको र नेपालको ट्रेड युनियन आन्दोलनप्रति ऐक्यबद्धता जनाएको पनि उहाँले उल्लेख गर्नुभयो।रासस

# प्रेस रजिष्ट्रारको कार्यालय गण्डकीले सुरु गर्‍यो पत्रकार लेखनवृत्ति कार्यक्रम

गण्डकी । गण्डकी प्रदेश सरकारअन्तर्गत रहेको प्रेस रजिष्ट्रारको कार्यालयले पत्रकार लेखनवृत्ति कार्यक्रम सुरु गरेको छ । प्रदेशमा क्रियाशील पत्रकारहरूलाई खोजमूलक, अनुसन्धानमूलक र आलेखजन्य सामग्री उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको हो।




लेखनवृत्ति प्रदानका लागि छुट्टै कार्यविधि बनाएर काम थालिएको प्रेस रजिष्ट्रार विमला भण्डारीले बताउनुभयो । चालु आर्थिक वर्षमा प्रदान गरिने लेखनवृत्तिका लागि इच्छुक पत्रकारहरूलाई आवेदन दिन गत आइतबार १५ दिने सूचना प्रकाशन गरिएको उहाँको भनाइ छ।

लेखनवृत्ति कार्यक्रममा सहभागी हुनलाई प्रदेशभित्र सञ्चारमाध्यममा कार्यरत पत्रकार हुनुपर्ने प्रावधान राखिएको छ । कुनै सञ्चारमाध्यममा आबद्ध नभए पनि तीन वर्षदेखि पत्रकारितामा क्रियाशील रहेको स्वतन्त्र पत्रकारले पनि आवेदन दिन सक्ने प्रेस रजिष्ट्रारको कार्यालयले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम र पत्रकार लेखन वृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ बमोजिम लेखनवृत्ति प्रदान गर्न लागिएको प्रेस रजिष्ट्रार भण्डारीले बताउनुभयो। लेखनवृत्ति कार्यक्रममा छापा, रेडियो, टेलिभिजन, अनलाइन र फोटो पत्रकारितामा सक्रिय पत्रकारलाई समेटिने भएको छ।

लेखनवृत्ति कार्यक्रममा सहभागी हुन चाहने पत्रकारले कार्यविधिले तोकेबमोजिमको निवेदन, कार्यक्षेत्र, अनुभव र जिम्मेवारी खुल्ने विवरण, लेखन तथा प्रसारण गर्न चाहेको विषयको ३०० शब्दसम्मको अवधारणा, पत्रकार परिचयपत्रको प्रतिलिपि स्वतन्त्र पत्रकारको हकमा ३ वर्ष क्रियाशील रहेको प्रमाण, नागरिकता र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्ने जनाइएको छ।

छनोट भएका पत्रकारले कार्यविधिले तोकेको समयभित्र खोजमूलक सामग्री तयार गरी प्रकाशन वा प्रसारण गर्नुपर्ने प्रेस रजिष्ट्रारको कार्यालयले जनाएको छ।

छनोट हुने पत्रकारलाई प्रतिव्यक्ति बढीमा रु २५ हजार प्रदान गरिने भएको छ। विज्ञहरूको समितिले लेखनवृत्ति प्राप्त गर्ने पत्रकाहरूको नाम छनोट गर्नेछ। रासस

# पाँच वर्षभित्र हरेक क्षेत्रमा सुधार हुन्छः मन्त्री पोखरेल

महेन्द्रनगर। शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले आगामी पाँच वर्षभित्र हरेक क्षेत्रमा सुधार क्रमशः हुँदै जाने बताउनुभएको छ।कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालयको निरीक्षणपछि मंगलबार आयोजित कार्यक्रममा उहाँले पहिलो वर्ष प्राथमिकताका आधारमा शिक्षा र स्वास्थ्यमा सरकारले लगानी गर्ने बताउनुभयो।



मन्त्री पोखरेलले विगतमा पहुँच कम भएका विद्यालय/विश्वविद्यालयलाई बढी प्राथमिकतामा राखेर सरकारले काम गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "आगामी पाँच वर्षभित्र हरेक क्षेत्रमा सुधार गर्दै जानेछौँ। पहुँच कम भएका क्षेत्रमा लगानी र अनुदान पनि बढाइने छ।"देशभर शिक्षा क्षेत्रको सुधारका लागि काम गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै मन्त्री पोखरेलले सरकारले प्राथमिकतामा राखेका विषयलाई ध्यान दिएर काम गर्न विश्वविद्यालयका पदाधिकारी र कर्मचारीहरूलाई निर्देशन दिनुभयो।रासस

# श्रीलङ्का सरकारद्वारा ३२ करोड डलर राहत प्याकेज घोषणा

एएफपी

कोलम्बो। मध्यपूर्व युद्धका कारण बढ्दो ऊर्जा लागतबाट प्रभावित परिवारहरूलाई सहायता गर्न श्रीलङ्का सरकारले मङ्गलबार ३२ करोड डलरको राहत प्याकेज घोषणा गरेको छ। यसअन्तर्गत किसान, माछा मार्ने तथा कम आय भएका नागरिकलाई सिधै नगद अनुदान दिइनेछ।

राष्ट्रपति अनुरा कुमारा दिसानायकले यो प्याकेज अहिलेसम्मको सबैभन्दा ठूलो राज्य अनुदान भएको बताउनुभयो र यसले करिब दुई करोड २० लाख जनसङ्ख्या भएको टापु राष्ट्रका सबैभन्दा कमजोर वर्गलाई सहयोग पुऱ्याउनेछ।उहाँले भन्नुभयो, "गरिबीको रेखामुनि बस्ने करिब २५ प्रतिशत जनसङ्ख्याले यस महिना परम्परागत सिंहला र तमिल नयाँ वर्षको अवसरमा अतिरिक्त अनुदान पाउनेछन् र उनीहरूको बिजुली बिलमा पनि राहत उपलब्ध हुनेछ।"

सरकारले अनुदान तीन महिनामा कुल एक खर्ब रुपैयाँ (३२ करोड डलर) बराबरको वित्तीय सहायता दिनेछ र यसका लागि विद्यमान बजेटमार्फतै कोष व्यवस्थापन गरिनेछ। राष्ट्रपति दिसानायकका अनुसार मुद्रा छापेर अनुदान कोष स्थापना गरेमा सन् २०२२ को ७० प्रतिशत रेकर्ड मुद्रास्फीतिको पुनरावृत्ति हुन सक्ने जोखिम छ, त्यसैले सरकार सावधान छ।श्रीलङ्का अझै पनि सन् २०२३ मा सुरु भएको आइएमएफ बेलआउट कार्यक्रममा छ, जस अन्तर्गत चार वर्षमा दुई अर्ब ९० करोड डलर ऋण प्राप्त भएको थियो। यस हप्ता वासिङ्टनस्थित कर्मचारीस्तरको सम्झौता सम्पन्न भएपछि अर्को महिनाको अन्त्यसम्ममा आइएमएफबाट करिब ७० करोड डलरको अर्को अंश फिर्ता आउने अपेक्षा गरिएको छ।

राहत प्याकेजअनुसार, साना डुङ्गा प्रयोग गर्ने माझीहरूले प्रतिमहिना करिब ३०० डलर इन्धन अनुदान पाउनेछन् भने ठूला डुङ्गा सञ्चालन गर्नेहरूले तीन महिनाका लागि प्रतिमहिना करिब ४८३ डलर पाउनेछन्। किसानका लागि युरिया मलको लागतको करिब ३० प्रतिशत सरकारले वहन गर्नेछ।

# चन्द्र उडानपछि फर्किंदै आर्टेमिस टोली



एएफपी

ह्युस्टन । इतिहास रेकर्ड तोड्दै चन्द्रमाको दुर्लभ दृश्यहरूको साक्षी बनेको आर्टेमिस द्वितीय अन्तरिक्ष टोलीले आफ्नो महत्त्वाकांक्षी उडान सम्पन्न गर्दै पृथ्वीतर्फ फर्किने यात्रा सुरु गरेको छ । करिब सात घण्टासम्म अन्तरिक्षयानको झ्यालमा आँखा गाडेर बसेका चार सदस्यीय टोलीले मानव इतिहासमै फरक र अभूतपूर्व खगोलीय अनुभव सङ्कलन गरेका छन् ।

चन्द्रमाको कम चिनिएका क्रेटर हरूदेखि सूर्य ग्रहणसम्मका दृश्य अवलोकन गरेका अन्तरिक्ष यात्रीहरूले अन्तरिक्षबाट देखिएका दृश्यलाई शब्दमा व्यक्त गर्नै कठिन भएको बताएका छन् । अन्तरिक्ष यात्री भिक्टर ग्लोभरले आफूहरूले देखेका दृश्य मानव कल्पनाभन्दा पर रहेको उल्लेख गर्दै त्यसलाई 'अविश्वसनीय' अनुभवका रूपमा वर्णन गर्नुभयो ।

उडानका क्रममा टोलीले चन्द्र सतहका सूक्ष्म संरचनाहरूलाई नजिकबाट नियालेका थिए भने चन्द्रमाले सूर्यलाई ढाक्दा देखिने सूर्य ग्रहणको दृश्य पनि प्रत्यक्ष देखेका थिए। त्यस्तै, चन्द्र सतहमा देखिएका उज्याला चमकहरू उल्का प्रहारका सङ्केत भएको उनीहरूले बताएका छन्। आर्टेमिस द्वितीयका प्रमुख वैज्ञानिक केल्सी यङले यस अभियानबाट प्राप्त वैज्ञानिक जानकारी अत्यन्तै मूल्यवान रहेको बताउँदै अन्तरिक्ष यात्रीहरूको योगदानको प्रशंसा गर्नुभयो।

ऐतिहासिक दूरी पार गर्दै टोलीले सन् १९७० को अपोलो १३ अभियानले कायम गरेको कीर्तिमानसमेत तोडेको छ । उनीहरू पृथ्वीबाट करिब दुई लाख ५२ हजार ७६० माइल (चार लाख छ हजार ७७८ किलोमिटर) टाढा पुगेका थिए, जुन अघिल्लो रेकर्डभन्दा चार हजार १०५ माइल बढी हो । अन्तरिक्ष यात्री जेरेमी ह्यानसेनले यो उपलब्धिले भावी पुस्तालाई अझ अगाडि बढ्न प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो।

यात्राका क्रममा उनीहरूले करिब ४० मिनेटसम्म पृथ्वीसँग सम्पर्क गुमाउनुपरेको थियो, जुन अन्तरिक्षयान चन्द्रमाको पछाडि पुग्दा स्वाभाविक रूपमा हुने 'ब्ल्याकआउट' हो । यो क्षण ५० वर्षभन्दा बढीपछि पहिलोपटक मानवले पृथ्वीसँग सम्पर्कविहीन भएको घटना बनेको छ । पुनः सम्पर्क स्थापित भएपछि अन्तरिक्ष यात्री क्रिस्टिना कोचले पृथ्वीको आवाज फेरि सुन्न पाउँदा निकै सन्तोष मिलेको बताउनुभयो ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तरिक्ष यात्रीहरूसँग फोनमार्फत संवाद गर्दै उनीहरूलाई 'आधुनिक समयका अग्रगामी' भन्दै प्रशंसा गर्नुभयो । उहाँले यस्तो साहसिक अभियानले विश्वलाई प्रेरित गरेको उल्लेख गर्दै अन्तरिक्ष अन्वेषणमा अमेरिका अग्रपङ्क्तिमा रहने धारणा व्यक्त गर्नुभयो । संवादका क्रममा केही समय सङ्केत अवरोधसमेत देखिएको थियो, जसलाई उहाँले दूरीको कारण भएको टिप्पणी गर्नुभयो ।

ओरियन क्याप्सुलमार्फत फर्किंदै गरेको टोली अब स्वतः पृथ्वी फर्किने बाटो (फ्री-रिटर्न प्रक्षेपवक्र) मार्गमा पृथ्वी आइपुग्न करिब चार दिन लाग्नेछ । रिड वाइसम्यानको नेतृत्वमा रहेको यस मिसनमा विविध ऐतिहासिक उपलब्धि पनि समावेश छन् । ग्लोभर चन्द्रमाको वरिपरि पुग्ने पहिलो अश्वेत अन्तरिक्ष यात्री बन्नुभएको छ भने कोच पहिलो महिला र ह्यानसेन पहिलो गैर-अमेरिकीका रूपमा इतिहासमा दर्ज हुने तयारीमा हुनुहुन्छ ।

मिसनका क्रममा टोलीले दुई नयाँ चन्द्र क्रेटरको नाम प्रस्ताव गर्ने निर्णय गर्दा एउटा भावनात्मक क्षण पनि देखा पऱ्यो। पहिलोलाई अन्तरिक्षयानको उपनाम 'इन्टिग्रिटी' बाट नामकरण गर्न प्रस्ताव गरिएको छ भने दोस्रो 'क्यारोल' नाम रिड वाइसम्यानकी स्वर्गीय पत्नीको सम्झनामा राख्न सुझाव दिइएको छ, जसको क्यान्सरका कारण निधन भएको थियो । उक्त क्षणमा टोली भावुक बनेको थियो र ह्युस्टनस्थित मिसन कन्ट्रोलले पनि मौन धारण गरेको थियो ।नासाका अनुसार यी नामहरू औपचारिक स्वीकृतिका लागि अन्तर्राष्ट्रिय एस्ट्रोनोमिकल युनियनसमक्ष पेश गरिनेछन्, जुन खगोलीय संरचनाहरूको नामकरण गर्ने आधिकारिक निकाय हो ।

# समयसीमाबीच इरान अडिग



एएफपी

तेहरान । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको नागरिक पूर्वाधार ध्वस्त पार्ने चेतावनीसहित दिएको कडा समयसीमा नजिकिँदै गर्दा पनि तेहरानले आफ्नो अडान नछाड्ने सङ्केत दिएको छ । होर्मुज जलडमरूमध्य खोल्न दबाब बढ्दै जाँदा इरानले त्यसलाई बेवास्ता गर्दै सैन्य कारबाही जारी राख्ने जनाएको छ ।

इरानी सेनाले ट्रम्पको अभिव्यक्तिलाई 'अहंकारी र आधारहीन धम्की' भन्दै अस्वीकार गरेको छ । उनीहरूले पाँच हप्ताभन्दा बढी समयदेखि अमेरिका र इजरायलविरुद्ध जारी सैन्य कारबाहीमा कुनै कमी नआउने स्पष्ट पारेका छन् ।ट्रम्पले मङ्गलबार मध्यरातसम्म इरानले रणनीतिक जलमार्गमा स्वतन्त्र आवागमन सुनिश्चित नगरे देशको महत्त्वपूर्ण पूर्वाधार 'पूर्ण रूपमा ध्वस्त' पारिने चेतावनी दिनुभएको थियो । उहाँले इरानका पुल र विद्युत् केन्द्रहरू चार घण्टाभित्र नष्ट गर्न सकिने दाबीसमेत गर्नुभयो ।

यस चेतावनीको जवाफमा इरानी सेनाको खताम अल-अन्बिया केन्द्रीय कमान्डले ट्रम्पलाई 'भ्रमपूर्ण' भन्दै अमेरिका र इजरायलविरुद्धको अभियान जारी रहने बताएको छ। उनीहरूले यसलाई 'इस्लामका योद्धाहरूको दमन अभियान' को निरन्तरता भएको उल्लेख गरेका छन् ।यसैबीच, इजरायलले तेहरानसहित विभिन्न क्षेत्रमा इरानी 'सैन्य पूर्वाधार' लक्षित गर्दै नयाँ हवाई आक्रमणको लहर सुरु गरेको जनाएको छ । इरानी सञ्चारमाध्यमहरूका अनुसार तेहरान र नजिकको कराज क्षेत्रमा विस्फोटका आवाज सुनिएका छन् ।

इजरायली सेनाले इरानबाट आफ्नो क्षेत्रतर्फ प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई हवाई सुरक्षा प्रणालीमार्फत अवरोध गर्ने प्रयास भइरहेको जनाएको छ । खाडी क्षेत्रभरि तनाव चुलिँदै जाँदा बहराइनमा हवाई आक्रमणको साइरन बजाइएको छ भने संयुक्त अरब इमिरेट्सले मिसाइल र ड्रोनलाई रोक्न सक्रिय रहेको जनाएको छ ।साउदी अरबले पनि आफ्नो पूर्वी क्षेत्रमा प्रक्षेपण गरिएका सातवटा ब्यालेस्टिक मिसाइलहरू अवरोध गरी नष्ट गरेको दाबी गरेको छ, जसका भग्नावशेष ऊर्जा संरचनानजिक खसेको बताइएको छ । कूटनीतिक प्रयासतर्फ, प्रस्तावित ४५ दिने युद्धविराम अझै टुङ्गोमा पुगेको छैन । पाकिस्तान, इजिप्ट र टर्कीको मध्यस्थतामा आएको प्रस्तावलाई सुरुमा सकारात्मक सङ्केत दिइए पनि पछि ट्रम्पले त्यसलाई पर्याप्त नभएको बताउनुभएको छ ।

इरानले पनि युद्धविराम अस्वीकार गर्दै द्वन्द्वको 'निश्चित अन्त्य' आवश्यक रहेको जनाएको छ ।अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्सका अनुसार इरानले भविष्यका आक्रमण रोक्ने ग्यारेन्टी र दक्षिणी लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहमाथि हुने आक्रमण अन्त्य गर्न माग राखेको छ । प्रस्तावअनुसार इरानले होर्मुज जलडमरूमध्य पुनः खोल्दै प्रत्येक जहाजबाट करिब २० लाख डलर शुल्क लिने र त्यसलाई ओमानसँग बाँड्ने योजना रहेको बताइएको छ।

यसै सन्दर्भमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले होर्मुज क्षेत्रमा उत्पन्न सङ्कटबारे प्रस्तावमाथि मतदान गर्ने तयारी गरेको छ । प्रारम्भिक मस्यौदामा बल प्रयोगको अनुमति दिने प्रावधान भए पनि स्थायी सदस्य राष्ट्रहरूको आपत्तिपछि त्यसलाई कमजोर बनाइएको स्रोतहरूले बताएका छन् ।फेब्रुअरी २८ देखि सुरु भएको द्वन्द्वपछि इरानले उक्त जलमार्ग प्रभावकारी रूपमा अवरुद्ध गर्दै आएको छ, जसका कारण विश्वव्यापी तेल तथा ग्यास आपूर्ति प्रभावित भएको छ। विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति यही मार्गबाट हुने भएकाले यसको प्रभाव विश्व बजारमा प्रत्यक्ष देखिएको छ।

यसबीच, इरानले अमेरिकी धम्कीलाई 'राज्य आतङ्कवाद' को संज्ञा दिँदै त्यसले युद्ध अपराध र मानवीय सङ्कट निम्त्याउने चेतावनी दिएको छ।

इरानी रिभोलुसनरी गार्ड्सले हालैको आक्रमणमा आफ्ना गुप्तचर प्रमुख माजिद खादेमिको मृत्यु भएको पुष्टि गर्दै 'कडा प्रतिकार' गर्ने जनाएको छ ।इजरायलले भने कुद्स फोर्सका वरिष्ठ कमान्डर असगर बघेरी मारिएको दाबी गरेको छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलमाथि आक्रमण गर्ने जो कोहीलाई पनि जहाँसुकै पुगेर कारबाही गरिने चेतावनी दिनुभएको छ।यो अवस्थाले क्षेत्रीय द्वन्द्व थप चर्किने र विश्व ऊर्जा सुरक्षामा गम्भीर असर पर्ने सङ्केत देखिएको छ।

# भारत आणविक इन्धन आत्मनिर्भरतातर्फ



एएफपी

नयाँदिल्ली। भारतले आफ्नै आणविक इन्धन उत्पादनतर्फ महत्त्वपूर्ण फड्को मारेको छ । घरेलु प्रविधिबाट डिजाइन गरिएको प्रोटोटाइप फास्ट ब्रिडर रिएक्टर (पिएफबिआर) ले सफलतापूर्वक नियन्त्रित आणविक शृङ्खला प्रतिक्रिया सुरु गरेको छ । यसलाई 'क्रिटिकल' अवस्था भनिन्छ । यो चरण पार गर्नु विद्युत् उत्पादन सुरु हुनु अघि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ।

ऊर्जा माग तीव्र गतिमा बढिरहेको र हरितगृह ग्यास उत्सर्जनमा विश्वमै तेस्रो स्थानमा रहेको भारतले सन् २०४७ सम्म आफ्नो आणविक ऊर्जा क्षमता हालको करिब आठ गिगावाटबाट १०० गिगावाट पुऱ्याउने लक्ष्य राखेको छ।

यस्तो अवस्थामा यो प्रगतिलाई दीर्घकालीन ऊर्जा सुरक्षातर्फ रणनीतिक कदमका रूपमा हेरिएको छ ।प्रधानमन्त्री नरेन्द्र मोदीले कलपक्कमस्थित उक्त रिएक्टरले 'क्रिटिकल' अवस्था हासिल गरेको जानकारी दिँदै यसलाई भारतको असैन्य आणविक कार्यक्रमको दोस्रो चरणतर्फको निर्णायक प्रगति बताउनुभयो । उहाँका अनुसार यो उपलब्धिले स्वदेशी वैज्ञानिक क्षमता र इन्जिनियरिङ दक्षताको स्पष्ट झल्को दिन्छ।

उहाँले सो रिएक्टरको विशेषता उल्लेख गर्दै यसले प्रयोग गरिएकोभन्दा बढी इन्धन उत्पादन गर्न सक्ने बताउनुभयो । यसलाई भविष्यमा भारतका विशाल थोरियम भण्डारको उपयोगतर्फ मार्गप्रशस्त गर्ने महत्त्वपूर्ण आधारका रूपमा पनि व्याख्या गरिएको छ । थोरियमलाई दीर्घकालीन रूपमा सुरक्षित र सम्भावनायुक्त आणविक इन्धन मानिन्छ। हाल उक्त रिएक्टरबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु भइसकेको छैन । प्राविधिक रूपमा पूर्ण क्षमतामा सञ्चालनमा पुगेपछि मात्र यसले राष्ट्रिय ग्रिडमा बिजुली आपूर्ति गर्ने अपेक्षा गरिएको छ।

विश्वव्यापी रूपमा ऊर्जा आपूर्ति अस्थिर भइरहेका बेला, विशेषगरी मध्यपूर्वमा जारी द्वन्द्वका कारण इन्धन आपूर्तिमा अनिश्चितता बढिरहेका सन्दर्भमा भारतको यो उपलब्धि अझ महत्त्वपूर्ण मानिएको छ ।हालसम्म भारतको ऊर्जा संरचना कोइलामा अत्यधिक निर्भर रहे पनि उसले सन् २०७० सम्म 'शुद्ध-शून्य' उत्सर्जन लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको छ। यस्तो लक्ष्य पूरा गर्न आणविक ऊर्जालाई वैकल्पिक तथा दीगो स्रोतका रूपमा विस्तार गर्ने नीति अगाडि सारिएको छ।

# इरानमा सत्ता अनिश्चितता, खामेनेई कोमामा



एएनआई

लन्डन । इरानको नेतृत्वबारे अनिश्चितता बढिरहेका बेला सर्वोच्च नेता मोजताबा खामेनेई गम्भीर स्वास्थ्य अवस्थाका कारण कोम सहरमा उपचाररत रहेको अन्तर ष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। उहाँ बेहोस अवस्थामा रहेको र राज्य सञ्चालनसम्बन्धी निर्णय प्रक्रियामा सहभागी हुन नसक्ने स्थितिमा रहेको दाबी गरिएको छ।

द टाइम्सले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदनमा कूटनीतिक मेमोमा आधारित खुफिया मूल्याङ्कन उद्धृत गर्दै खामेनेईको अवस्था गम्भीर रहेको उल्लेख गरिएको छ। उक्त मेमो अमेरिका र इजरायलका खाडी क्षेत्रीय साझेदारहरूसँग साझा गरिएको गोप्य सूचनामा आधारित रहेको जनाइएको छ ।प्रतिवेदनअनुसार खामेनेई कोममा उपचाररत रहेको र उहाँ हाल शासनका कुनै पनि निर्णय प्रक्रियामा संलग्न हुन नसक्ने अवस्थामा रहेको उल्लेख गरिएको छ । सो मेमोले पहिलोपटक उहाँको ठ्याक्कै स्थानसमेत खुलाएको दाबी गरिएको छ।

यस विषयमा अमेरिकी राष्ट्रिय सुरक्षा एजेन्सीलाई समेत जानकारी रहेको जनाइएको छ। वासिङ्टनस्थित इरानको प्रतिनिधित्वसँग पनि यसबारे सम्पर्क गरिएको उल्लेख गरिएको छ, जसले पाकिस्तानस्थित दूतावासमार्फत काम गर्दै आएको बताइएको छ।पश्चिम एसियामा द्वन्द्व सुरु भएयता खामेनेई सार्वजनिक रूपमा देखिनुभएको छैन। उहाँको नाममा जारी गरिएका सन्देशहरू भने इरानी सरकारी सञ्चारमाध्यममार्फत प्रसारित भइरहेका छन् ।त्यसैबीच, सोही प्रतिवेदनमा खामेनेईको सम्भावित निधनलाई ध्यानमा राख्दै कोममा अन्त्येष्टि तयारीसमेत सुरु गरिएको उल्लेख गरिएको छ, यद्यपि यसबारे आधिकारिक पुष्टि भएको छैन।

यस घटनाक्रमबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई कडा चेतावनी दिनुभएको छ । उहाँले मङ्गलबार राति ८:०० बजे (पूर्वी समय) सम्म सम्झौतामा नआए पूर्वाधारमा गम्भीर असर पर्ने चेतावनी दिनुभयो ।ह्वाइट हाउसमा सञ्चारकर्मीसँग कुरा गर्दै ट्रम्पले यो अवस्थालाई 'महत्त्वपूर्ण अवधि' का रूपमा वर्णन गर्नुभयो । उहाँका अनुसार इरानले थप समय मागेपछि १० दिनको समय दिइएको थियो, जसको अन्तिम समय अब नजिकिएको छ ।"उनीहरूसँग भोलिसम्म समय छ, त्यसपछि के हुन्छ हेर्नु पर्नेछ", उहाँले भन्नुभयो, "यदि सम्झौता भएन भने उनीहरूसँग कुनै पुल रहने छैन, कुनै पावर प्लान्ट रहने छैन र अवस्था झन् खराब हुनेछ।"

ट्रम्पले फेब्रुअरी २८ देखि सुरु भएको द्वन्द्व सन्दर्भमा आफूले सुरुमा बलियो इरानको सामना गर्नुपरेको भए पनि अहिले अवस्था बदलिएको दाबी गर्नुभयो। उहाँले विगतका अमेरिकी प्रशासनहरूले समयमै कदम नचालेको टिप्पणी गर्दै अहिलेको रणनीति ढिलो भए पनि आवश्यक भएको बताउनुभयो।

# दादुराविरुद्ध बङ्गलादेशको आपतकालीन अभियान

एपी

ढाका । एक महिनाभित्रै १०० भन्दा बढी बालबालिकाको ज्यान जाने गरी फैलिएको दादुरा प्रकोप नियन्त्रण गर्न बङ्गलादेशले देशव्यापी आपतकालीन खोप अभियान सुरु गरेको छ । तीव्र रूपमा बढ्दो सङ्क्रमणलाई नियन्त्रणमा लिन सरकारले अन्तर ष्ट्रिय साझेदारहरूसँग मिलेर उच्च जोखिम क्षेत्रबाट अभियान अघि बढाइरहेको छ।

सरकारले विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ र गाभी खोप गठबन्धनसँगको सहकार्यमा आइतबारदेखि १८ उच्च जोखिममा रहेका जिल्लाहरूमा छ महिनादेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई खोप दिन सुरु गरेको जनाएको छ । यो अभियान अर्को महिनादेखि चरणबद्ध रूपमा देशभर विस्तार गरिने योजना रहेको छ।

युनिसेफका प्रतिनिधि राणा फ्लावर्सले सङ्क्रमण तीव्र गतिमा बढिरहेकोप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो । उहाँका अनुसार यो प्रकोपले विशेष गरी खोप नलगाइएका वा न्यून खोप लगाइएका बालबालिकामा रहेको प्रतिरक्षात्मक खाडल उजागर गरेको छ। साथै, नौ महिनाभन्दा कम उमेरका शिशुहरूमा सङ्क्रमण देखिनु झन् चिन्ताजनक भएको उहाँले बताउनुभयो, किनकि उनीहरू नियमित खोपका लागि अझै योग्य हुँदैनन्।



© RSS

सरकारी तथ्याङ्कअनुसार करिब १७ करोड जनसङ्ख्या रहेको देशमा मार्च १५ यता सात हजार ५०० भन्दा बढी शङ्कास्पद सङ्क्रमित फेला परेका छन्। तीमध्ये ९०० भन्दा बढीमा दादुरा पुष्टि भइसकेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार दादुरा अत्यन्तै सङ्क्रामक वायुजन्य रोग हो, जसले ज्वरो, श्वासप्रश्वाससम्बन्धी समस्या र शरीरमा विशेष प्रकारको बिमिरा ल्याउँछ । साना बालबालिकामा यसले गम्भीर जटिलता र मृत्यु समेत निम्त्याउन सक्छ।

रोगको फैलावट रोक्न कम्तीमा ९५ प्रतिशत जनसङ्ख्यामा खोप कभरेज आवश्यक हुने बताइएको छ। तर बङ्गलादेशमा खोप पहुँचमा असमानता कायम रहँदा जोखिम अझै उच्च रहेको देखिएको छ।

स्वास्थ्यमन्त्री सरदार मोहम्मद सखावत हुसेनले संसद्मा जवाफ दिँदै वर्तमान प्रकोप विगतका सरकारहरूको कमजोर व्यवस्थापनको परिणाम भएको बताउनुभयो। उहाँका अनुसार अपदस्थ प्रधानमन्त्री शेख हसिनाको नेतृत्वको अघिल्लो सरकार र त्यसपछिको अन्तरिम प्रशासनले खोप भण्डारण र आपूर्ति व्यवस्थापनमा आवश्यक निर्णय लिन नसक्दा दादुरासहित अन्य छ रोगका खोप अभाव सिर्जना भएको हो।

हालैको राजनीतिक अस्थिरताले पनि खोप अभियानमा अवरोध पुऱ्याएको थियो । सन् २०२४ मा भएको जनविद्रोहपछि शेख हसिना सत्ताच्युत हुनुभएको थियो भने त्यसपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो । उक्त सरकारले फेब्रुअरीमा सम्पन्न निर्वाचनपछि सत्ता निर्वाचित सरकारलाई हस्तान्तरण गरेको थियो।

स्वास्थ्य अधिकारीहरूले अभिभावकलाई बालबालिकामा दादुराको लक्षण देखिए तत्काल अस्पताल लैजान आग्रह गरेका छन् । ढाकास्थित सङ्क्रामक रोग अस्पतालकी उपनिर्देशक एफ. ए. आसमा खानले उच्च ज्वरो देखिएमा औषधि पसलबाट आफूखुसी औषधि नलिन सुझाव दिँदै समयमै अस्पताल पुऱ्याउन आग्रह गर्नुभयो। उहाँका अनुसार अस्पतालमा उपलब्ध चिकित्सकीय सेवाले उचित उपचार सुनिश्चित गर्न सक्छ।

बङ्गलादेशले सन् १९७९ देखि खोप अभियान सञ्चालन गर्दै आएको छ, जसले खोप कभरेज दुई प्रतिशतबाट बढेर ८१.६ प्रतिशत पुऱ्याउन सफल भएको छ। तर युनिसेफले गत वर्ष सार्वजनिक गरेको प्रतिवेदनमा देशले प्रगति गरे पनि खोप पहुँचमा गहिरो असमानता अझै कायम रहेको चेतावनी दिएको थियो।

# बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण सुरु




खोटाङ। विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसीस्थित ककनीडाँडामा निर्माणाधीन बुडालुङ पार्क (ढुङ्गे बगैँचा)मा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण सुरु गरिएको छ। धार्मिक तथा पर्यटकीयस्थल बुडालुङ पार्कमा कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँगको साझेदारीमा हलेसी तुवाचुङ नगरपालिकाले बहुसांस्कृतिक सङ्ग्रहालय निर्माणको काम सुरु गरेको हो।

बहुसांस्कृतिक सङ्ग्रहालय भवन निर्माणका लागि कोशी प्रदेश सरकार र नगरपालिकाले रु एक/एक करोड बजेट उपलब्ध गराएको नगरप्रवक्ता एवम् वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिनुभयो। नगरप्रवक्ता गिरीका अनुसार प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट गङ्गा-जमुना निर्माण सेवा ताप्लेजुङले रु ९० लाख तथा नगरपालिकाले विनियोजन गरेको बजेटबाट सुदेवी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालिले रु ८० लाख ८१ हजारमा सङ्ग्रहालय भवन निर्माणको जिम्मा लिएको छ।गत फागुन २२ गते सम्झौता गरेर निर्माण सुरु गरिएको सङ्ग्रहालयको काम आगामी जेठ मसान्तभित्र सम्पन्न गर्नुपर्ने ठेकेदार कम्पनीसँग गरिएको सम्झौतामा उल्लेख छ। प्रदेश सरकारले उपलब्ध गराएको बजेटबाट एउटा तथा नगरपालिकाले उपलब्ध गराएको बजेटबाट दुईवटा सङ्ग्रहालय भवन निर्माण हुने नगरपालिकाले जनाएको छ।

बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक पहिचानलाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित बुडालुङ पार्कमा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माणको काम सुरु गरिएको नगरप्रमुख विमला राईले जानकारी दिनुभयो। "स्थानीय संस्कृति, इतिहास, परम्परा र विभिन्न समुदायको जीवनशैलीलाई संरक्षण गर्दै पर्यटन प्रवर्धन गर्ने योजना बनाएका छौँ। बहुसांस्कृतिक सङ्ग्रहालय भवनले हलेसी क्षेत्रको सांस्कृतिक पर्यटन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ", उहाँले भन्नुभयो, "नगरपालिकाले यो परियोजनालाई आफ्नो गौरवको योजनाका रूपमा अघि बढाएको छ। निर्धारित समयमै निर्माण सम्पन्न गराएर सञ्चालनमा ल्याउन ठेकेदार कम्पनीलाई ताकेता गरिरहेका छौँ।"

हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसीबाट करिब ३० मिनेटको उकालो पैदल यात्रामा पुगिने पर्यटकीयस्थल ककनीडाँडामा निर्माणाधीन बुडालुङ पार्कमा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण सुरु भएपछि स्थानीयवासी हर्षित भएका छन्। लामो समयअघि देखि स्थानीय बासिन्दा घुमफिर र पिकनिक (वनभोज) जाने पर्यटकीयस्थल ककनीडाँडालाई स्तरोन्नति गरेर आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षकस्थल बनाउन हलेसी तुवाचुङ नगरपालिका लागिपरेको हो।

प्राकृतिक रूपमै सजिसजाउ भएका ढुङ्गालाई थप सजाउने, ढुङ्गाका बीचबीचमा सुहाउँदो फूल रोप्ने, ठाउँ-ठाउँमा ढुङ्गे गेट (प्रवेशद्वार) बनाउने, ढुङ्गे धारा निर्माण गर्ने, ढुङ्गा कुँदेर महादेवलाई भस्मासुरले लखेटेको दृश्य झल्काउने मूर्ति बनाउने, प्राकृतिक ढुङ्गालाई नचलाईकन कालो, सेतो र रातो रङको ढुङ्गा मिश्रण गरेर फूलको आकृति बनाउने, विभिन्न कला तथा संस्कृति झल्कने सजावट गर्नेलगायतका काम भइरहेको छ। हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानमा पर्ने पर्यटकीयस्थल ककनीडाँडामा निर्माणाधीन ढुङ्गे बगैँचालाई नगरपालिकाले 'बुडालुङ' पार्क नामकरण गरेको हो।

विश्वको सर्वोच्च शिखर सगरमाथालगायत उच्च हिमाली क्षेत्रको तस्बिर खिच्न, दृश्यावलोकन गर्न र रम्नका लागि ढुङ्गाकै स-साना गेट निर्माण गर्ने, ढुङ्गे बगैँचाका रूपमा विकास गर्न चारैतिर घेराबार तथा पर्खाल लगाउने, एक क्षेत्रबाट अर्को क्षेत्र पुग्न ढुङ्गाकै कलात्मक सिँढी निर्माण गर्ने, पर्यटक बिसाउने वा 'रिल्याक्स' गर्नका लागि ठाउँठाउँमा काठका बिसौनी बनाउने काम सम्पन्न गरिएको छ। यसबाहेक ढुङ्गे बगैँचामा विद्युत्, पिउनेपानीको व्यवस्था, विश्रामस्थल, केबुलकार, भोजनालय, कफी सपलगायतका संरचना निर्माण गर्नेसम्मको परिकल्पना गरिएको छ। भस्मासुर राक्षसले महादेवलाई लखेट्दा ककनीडाँडामा महादेवको पाइला परेपछि ढुङ्गाको कलात्मक आकृति निस्किएको किंवदन्ती छ। निर्माणाधीन अवस्थामै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको बुडालुङ पार्क हलेसी भएर जाने नेपाल सरकारको १०० पर्यटकीय गन्तव्य मुन्दुम ट्रेल (पदमार्ग)को प्रवेशस्थलमा पर्दछ।

किराती सभ्यतासँग सम्बन्धित मुन्दुम ट्रेल हलेसीबाट सुरु भएर रूपाकोट, टेम्के, मैयुङ हुँदै सालपा सिलिचुङसम्मको निर्धारण गरिएको छ। त्रिधार्मिकस्थल हलेसी र ककनीडाँडा नजिकै किरात सभ्यताको उद्गमस्थल मानिने तुवाचुङ-जायजुम अवस्थित छ। फलामे डण्डी तथा तार प्रयोग गरेर निर्माण गरिएका घेराबाराभित्र रहेको बुडालुङमा गार्ड हाउस (सुरक्षाकर्मी), रेष्टुरेन्ट, प्रमुख प्रवेशद्वार, शौचालय, टिकट काउन्टर निर्माण गरिएको छ। बुडालुङ पार्कबाट सर्वोच्च शिखर सगरमाथालगायत विभिन्न हिमशृङ्खला, छिमेकी जिल्लाहरू सोलुखुम्बु, ओखलढुङ्गा, भोजपुर र रामेछाप तथा तराईका विभिन्न फाँट सजिलै अवलोकन गर्न सकिन्छ।

निर्माणाधीन बुडालुङ पार्क काठमाडौँबाट मध्यपहाडी लोकमार्गमार्फत गाडीमा सिन्धुली-खुर्कोट-घुर्मी-जयरामघाट हुँदै आउन सकिन्छ। तराईका जिल्लाहरूबाट सिराहको मिर्चैया-उदयपुरको कटारी-घुर्मी-जयरामघाट तथा धरान-धनकुटा-भोजपुर-चखेवाभञ्ज्याङ-दिक्तेल हुँदै पनि हलेसी आउन सकिन्छ। निर्माणाधीन अवस्थामै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको बुडालुङ पार्क मध्यपहाडी लोकमार्गअन्तर्गत जयरामघाट-हलेसी सडकदेखि पैदल यात्रा गरेर २०/२५ मिनेटमा र सवारी साधनमा करिब १० मिनेटमा पुगिन्छ। चट्टानै-चट्टानको प्राकृतिक संरचनामध्ये ५६ रोपनी जग्गालाई समेटेर बुडालुङ पार्क बनाउनेगरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा निर्माण सुरु गरिएको बुडालुङ पार्कमा दैनिक सयौँको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको स्थानीयले बताएका छन्। निर्माणाधीन अवस्थामै रहेको बुडालुङ पार्कका आकर्षक तस्बिरहरू सामाजिक सञ्जालहरूमा छ्यापछ्याप्ती भेटिन थालेका छन्।हलेसी तुवाचुङ नगरपालिकाले सुरु गरेको धार्मिक तथा पर्यटकीयस्थलहरूको स्तरोन्नतिसहित पर्यटन प्रवर्द्धनका कामलाई जिल्लामा निकै महत्वका साथ हेरिएको छ। नगरपालिकाले सुरु गरेको पर्यटन प्रवर्द्धनका काममा प्रदेश तथा सङ्घीय सरकारले लगानी गरेपछि जिल्लाका पर्यटन व्यवसायीहरू उत्साहित बनेका छन्।रासस

# ज्ञान मसालको ब्राण्ड एम्बेसडर बनिन खडका

**टुडे समाचारदाता**



काठमाण्डु। केएल दुगर समूहको प्रमुख मसला ब्रान्ड 'ज्ञान मसला'ले चर्चित नेपाली अभिनेत्री स्वस्तिमा खड्कालाई आफ्नो पहिलो ब्रान्ड एम्बेसडरका रूपमा घोषणा गरेको छ। ब्रान्डको पहिचानलाई नयाँ ढंगले प्रस्तुत गर्दै नयाँ पुस्तासँग जोडिने उद्देश्यका साथ यो रणनीतिक सहकार्य गरिएको हो।वि.सं. २०४६ साल (सन् १९८९) मा स्थापना भएको केएल दुगर समूह नेपालका प्रतिष्ठित एफएमसीजी कम्पनीहरूमध्ये एक हो, जसका विभिन्न ब्रान्डहरू गुणस्तर र विश्वासका लागि परिचित छन्। विशेषगरी 'ज्ञान मसला' शुद्धता, मौलिक स्वाद र विश्वसनीयताका कारण नेपाली घरपरिवारमा लामो समयदेखि लोकप्रिय रहँदै आएको छ।

समूहका कार्यकारी निर्देशक भावना दुगरले स्वस्तिमा खड्कालाई ब्रान्डमा स्वागत गर्दै उनको सरलता, वास्तविकता र दर्शकसँगको बलियो सम्बन्धले ब्रान्डको मूल मान्यतासँग मेल खाने बताइन्। "हामी स्वस्तिमा खड्कालाई ज्ञान परिवारमा स्वागत गर्न पाउँदा खुसी छौं। उहाँको छवि र पहुँचले ब्रान्डलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास लिएका छौं," उनले भनिन्। अभिनेत्री स्वस्तिमा खड्काले पनि ज्ञान मसालासँग जोडिन पाउँदा खुसी व्यक्त गर्दै वर्षौंदेखि नेपाली भान्सामा स्थापित ब्रान्डसँग सहकार्य गर्न पाउनु गौरवको विषय भएको बताइन्। उनले ब्रान्डका मूल्यहरूलाई प्रतिनिधित्व गर्दै यसको गुणस्तर र शुद्धतालाई अझ प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइन्।

ब्रान्डले आफ्नो विकास रणनीति अन्तर्गत बदलिँदो उपभोक्ता रुचिअनुसार नयाँ मसला भेरियन्टहरू समेत बजारमा ल्याउने योजना बनाएको छ। हाल ज्ञान मसला १४ विभिन्न प्रकारमा उपलब्ध रहेको छ, जसले विभिन्न स्वादका परिकारहरूलाई समेट्छ। ज्ञान मसला देशभर फैलिएको सशक्त वितरण सञ्जालमार्फत सहज रूपमा उपलब्ध रहँदै आएको छ, जसले गुणस्तरीय मसला सबै नेपाली घरपरिवारसम्म पुऱ्याउन सहयोग गरिरहेको छ।

# बीउ उत्पादन गर्दै सहकारी



भजनी। कैलालीको जानकी गाउँपालिका-४ मुनुवामा रहेको बिज वृद्धि कृषक सहकारी संस्थाले दशकभन्दा लामो समयदेखि बीउ उत्पादनमा जोड दिँदै आएको छ।

किसानलाई बीउ उत्पादनमा प्रोत्साहन गर्दै प्राविधिक सहयोग दिएर सहकारी संस्थाले बीउ उत्पादनमा जोड दिँदै आएको हो। खाद्यान्न, दलहन, तेलहन बालीको लागि सहकारीले उन्नत, प्रमाणित र मूल बीउ उत्पादन गर्दै आएको छ। सहकारीले आफ्नो प्राविधिकको निगरानीमा उत्पादन गर्दै आएको बीउ किसानबाट बजार मूल्यभन्दा रु ३०० बढी दिएर खरिद गर्ने गरेको छ।

सहकारी संस्थामा आबद्ध १५० किसानले बीउ उत्पादनको काम गर्दै आउनुभएको छ। सिजनअनुसार धान, गहुँ, तोरी, मसुरोलगायतको बीउ उत्पादन गर्दै आउनुभएका रतनबहादुर बढायक सहकारीले दिँदै आएको सेवाबाट प्रभावित हुनुहुन्छ। खेती आफूले लगाउनु परे पनि समयसमयमा हुने प्राविधिकको निगरानीले उत्पादनमा समेत वृद्धि हुने गरेको उहाँको भनाइ छ। किसानलाई आवश्यक मलको व्यवस्था पनि सकेसम्म सहकारी आफैँले गर्दै आएको छ। "बजारको समस्या छैन। उत्पादन सोचेभन्दा राम्रो हुन्छ। अझै राम्रो गर्न सके सहकारीले पुरस्कृतसमेत गर्छ। उहाँ भन्नुहुन्छ, "किसानको लागि सहकारीको काम निकै प्रशंसायोग्य छ।

सहकारीलाई अहिले धानको बीउ ग्रेडिङमा भ्याइनभ्याइ छ। यस वर्ष चार हजार क्विन्टल धानको बीउ सहकारीले भण्डार गरेको छ। त्योमध्ये अधिकांश धानको बिक्री प्रक्रियामा गइसकेको सहकारीका व्यवस्थापक गोविन्दराज रावत बताउनुहुन्छ। "झण्डै छ जातको धानको बीउ हामीसँग छ। अधिकांश बिक्री प्रक्रियामा गइसकेको छ", । उहाँ भन्नुहुन्छ, "बर्सेनि बीउको माग बढ्दै गएको छ। सहकारीले मागअनुसार पुऱ्याउन सकेको छैन।"


व्यवस्थापक रावतका अनुसार सहकारीले किसानलाई उन्नतमा मोटो ७०, मध्यम ७३ र मसिनो प्रतिकेजी ८० रुपैयाँमा बिक्री गर्दै आएको छ। त्यसैगरी प्रमाणित बीउ प्रतिकेजी ७५, ७८ र ८५ रुपैयाँमा र मूल बीउ भने प्रति केजी ८०, ८३ र ९० रुपैयाँमा बिक्री गर्दै आएको छ। "हाम्रो बीउ सुदूरपश्चिम प्रदेशसँगै कर्णाली, लुम्बिनी र मधेस प्रदेशसम्म पुग्ने गरेको छ", रावत भन्नुहुन्छ, "अहिले स्थानीय सरकारले पनि बीउ खरिद गरेर लिने गरेको छ। अहिले भइरहेको माग पूरा गर्न सात हजार क्विन्टल धान र गहुँको बीउ उत्पादन गर्न सक्नुपर्छ।"

सहकारीले यस वर्ष रु एक करोड ४१ लाख ५९ हजार ६८८ को धानको बीउ किसानसँग खरिद गरेको थियो। गत वर्ष रु एक करोड २५ लाख ८४२ को गहुँको बीउ खरिद गरेको सहकारीले रु चार लाख ९४ हजार ५१५ को तोरीको बीउ किसानबाट खरिद गरेको सहकारीका अध्यक्ष विजयकुमार कठरियाले जानकारी दिनुभएको छ।

सहकारीसँग पाँच हजार क्विन्टल बीउ भण्डार गर्ने क्षमताको गोदाम रहेको छ। विभिन्न सरकारी निकायबाट राम्रो अनुदान पाइरहेको सहकारीका लागि रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कृषि कार्यक्रम कार्यान्वयन एकाइ, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र कैलाली ठूलो सहयोगी दाताको रुपमा रहेको अध्यक्ष कठरिया बताउनुहुन्छ।

गहुँ पाक्ने समयमा आएको यस वर्षको हावाहुरीका कारण गहुँमा ठूलो क्षति भएपछि बीउ सङ्कलन हुनेमा अध्यक्ष कठरियाले चिन्ता व्यक्त गर्नुभएको छ। "पाँच हजार क्विन्टल गहुँको बीउ उत्पादन गर्ने लक्ष्य सहकारीले लिएको ि थयो। त्यसैअनुसार किसानलाई बीउ उत्पादनमा जोड दिएका थियौँ", उहाँ भन्नुहुन्छ, "हावाहुरीले ९५ प्रतिशत गहुँमा क्षति पुऱ्याएपछि त्यो बीउ हुँदैन", बीउका लागि लगाएको किसानको गहुँ भने सहकारीले आफैँ खरिद गरेर बजारीकरण गरिदिने निर्णय गरेको छ।रासस

# विदेशको ज्ञान, स्वदेशमा कमाइ



चितवन। दश वर्ष दुवइमा मजदुरी गरेर फर्कनुभएका टीकाबहादुर गुरुङले मायाँटारमा घरबास सुरु गरे पछि विदेश फर्कने सोच बदल्नुभएको छ। इच्छाकामना गाउँपालिका-३ मायाँटारमा बाटो छेउमा आफैँ वसेको घरबाट उहाँले घरबास सुरु गर्नुभएको हो।

विसं १९७८ मा बनेको पुरानो सैलीको घरमा बाटो हिँड्नेहरुलाई बास दिने चलन थियो। यही बाटो हुँदै उपरदाङ्गढी, शक्तिखोर, ह्ुग्दी खोला, इच्छाकामना मन्दिर, फिस्लीङ्लगायतका ठाउँमा हिडेर जानेहरु रातमा यही बास बस्ने गर्थे। गुरुङले भन्नुभयो, "बाटोको घर भएकाले यही बाटो हुँदै हिँडडुल गर्नेहरुको बस्ने थलो हो यो", उहाँले थप्नुभयो, "हामीले पहिला देखिनै खान खान दिन्थ्यौँ, मान्छे सुताउँथ्यौँ।"

दश वर्षको वैदेशिक रोजगारपछि फर्कनुभएका गुरुङले चार वर्ष अघि यो घरलाई मर्मतसम्भार गरेर घरबासका लागि कोठा बनाउनुभयो।

दुवईमा होटलमा काम गरेको अनुभव लिनुभएका उहाँले फेरि फर्किएर जानुभन्दा यही केही गर्ने सोच बनाउनुभयो। दुवईमा मासिक रु एक लाख कमाउने गुरुङ यहाँ तीन जनालाई रोजगारी दिएर रु ८० हजार हाराहारी कमाई हुन थालेपछि विदेश जाने योजना स्थगित गरेर यही घरबास सञ्चालन गरेको बताउनुहुन्छ। साथी भाइको सुझावलाई मनन गर्दै उहाँले आफ्नो पुरानो घरमा घरबास बनाउनुभयो। उहाँले भन्नुभयो, "यही घरबाट सुरु गरेको पहिलो पिँढीमा दुईवटा कोठा र पछि दुईवटा गरेर चारवटा कोठा तयार भयो।" यही घरमा उहाँहरुको परिवार बस्थ्यो।

जिल्लाको पहाडी भूभागमा घरबास बने पछि त्यहाँ जानेहरुको चहलपहल वढ्न थाल्यो। गर्मीको मौसममा जानेहरु बढी हुन थाले। बिहानै घाम लाग्ने भएकाले जाडो महिनामा पनि रात बिताउन जानेहरु बढ्न थालेपछि आफूले घरबास विस्तार गरेको उहाँ बताउनुहुन्छ। अहिले घर बाहिर पनि कोठा बनाउनुभएको छ। एघार वटा कोठा छन्। तीमध्ये चार वटामा सँगै शौचालय पनि छ। उहाँले भन्नुभयो, "पाहुनाको मागअनुसार विस्तार गर्दै छौँ।" हिजो मायाँटार सुगम जिल्ला भएर पनि कर्णालीजस्तो रहेको भन्दै उहाँले बाटो, बत्ती सबै भए पछि अब मायाँटार पर्यटकीय गन्तव्य वन्न सकेको उहाँ बताउनुहुन्छ। दुई वर्षयता मायाँटारमा बिजुली बत्ती पुगेको छ। त्यस अघि पाहुनालाई टुकी र सोलारको उज्यालोमा राख्ने गरेको उहाँ बताउनुहुन्छ। मायाँटार चिनाउन चितवनका पत्रकारको भूमिका रहेको भन्दै उहाँले भन्नुभयो, "मायाँटार मायाँटार बन्नुमा पत्रकारको ठूलो हात छ। समाचारकै कारण यहाँ बिजुली आयो र घुम्ने ठाउँहो भन्ने प्रचार भयो।"

मायाँटार घुम्न आउनेहरुका लागि यहाँको रमणीय वातावरणसँगै नजिकै रहेको बालगौरी पाथीभरा मन्दिर प्रमुख गन्तव्य हो। सेतो पहरा गुफा यहाँबाट १५ मिनेटको दूरीमा छ। तीन किलोमिटर पर पर्यटकीय गन्तव्य रिग्दी खोला छ। जहाँ चिसो पानीमा नुहाउन र असला माछा पाइन्छ। त्यस्तै उपरदाङ्गढी यहाँबाट नजिकै पर्दछ। प्रचार हुँदै गए पछि पाहुनाको चाप हुन थालेको छ। एक रातमा ४० जनासम्म राख्ने क्षमता आफूसँग रहेको भन्दै उहाँले अहिले वरपर अरुले पनि घरबास बनाउन थालेको बताउनुभयो। बिदाको दिनमा पहिलेनै फोनमार्फत बुकिङ हुने गरेको उहाँ बताउनुहुन्छ। आफूले स्थानीय उत्पादित खानेकुरा पाहुनालाई खुवाउने गरेको गुरुङले बताउनुभयो। त्यही उत्पादन भएको फर्सी, स्कुस, निगुरो, लोकल कुखुरा, बोका, खसीजस्ता स्थानीय उत्पादनमा पाहुना रमाउने गर्दछन्।

चितवनको तराई क्षेत्रमा अत्यधिक गर्मी हुँदा पनि त्यहाँ सिरक ओढेर सुत्नुपर्छ। यहाँ चितवनसहित काठमाडौँ, मकवानपुर, पर्सा, नवलपरासी, कास्कीलगायतका धेरै जिल्लाबाट आन्तरिक पर्यटक घुम्न आउने गर्छन्। यो समुन्द्रिक सतहबाट करिब तीन हजार ५०० मिटर उचाइमा छ। भरतपुरबाट एक घण्टा ३० मिनेट हाराहारीको यात्रामा यहाँ पुग्न सकिन्छ। शक्तिखोर हुँदै त्यहाँ पुग्ने सडक कालोपत्रे छ। यही सडक हुँदै पृथ्वी राजमार्गको धादिङको ह्ुग्दी खोला, धादिङ र चितवनको सिमानामा पर्ने मौवा खोला र चितवनको फिस्लिङमा पुग्न सकिन्छ। राजमार्ग तर्फबाट पनि त्यतीनै समयमा मायाँटार आउन सकिन्छ।रासस

# एक महिनामा ४८ हजार पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिए

गण्डकी।दोस्रो मुख्य पर्यटकीययाम सुरु भएसँगै अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको चहलपहल बढेको छ। गत मार्च महिनामा ४८ हजार ५१३ जना विदेशी पर्यटकले उक्त क्षेत्रका विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ। तीमध्ये दक्षिण एसियाली मुलुकका ३२ हजार २० र अन्य देशका १६ हजार ४९३ पर्यटक रहेका छन्।

सन् २०२५ को मार्च महिनाको तुलनामा यस वर्ष ११ हजार ६७९ पर्यटक बढको आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो। पछिल्लो समय यस क्षेत्रमा पर्यटक आगमनमा वृद्धि भइरहेको उहाँको भनाइ छ। "नेपाल भित्रने विदेशी पर्यटकमध्ये ४० प्रतिशत अन्नपूर्ण क्षेत्रको भ्रमणमा आउने गरेका तथ्याङ्कले देखाएको छ", उहाँले भन्नुभयो, "यहाँ आउने दक्षिण एसियाली पर्यटकमा भारतीयको सङ्ख्या बढी छ।"

नेपालमा मार्चदेखि मेसम्मको महिनालाई दोस्रो मुख्य पर्यटकीययामका रूपमा लिइन्छ। नयाँ वर्ष आउन लागेको र वार्षिक परीक्षापछि शैक्षिक संस्थामा पनि बिदा हुने भएकाले यस याममा आन्तरिक पर्यटकको चहलपहल पनि बढ्ने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। पदयात्रा गर्न रुचाउने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो याम उत्तम रहेको उहाँको भनाइ छ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ।रासस

# किम्बु बिरुवाको माग बढ्दो



नारायणगढ। रेशम किरापालनका लागि परम्परागत रूपमा प्रयोग हुँदै आएको किम्बु पछिल्लो समय रेशमखेती घट्दै जाँदा वैकल्पिक उपयोगका कारण फेरि चर्चामा आउन थालेको छ। हाल किम्बुका बुटाको वैकल्पिक प्रयोग बढ्न थालेको छ। अहिले किम्बुका बुटा व्यावसायिक होटल, रेष्टुराँ र पर्यटन क्षेत्रमा सजावटी बिरुवाका रूपमा प्रयोग हुन थालेका छन् भने पशुपालन गर्ने किसानहरूले यसलाई घाँसका रूपमा समेत उपयोग गर्न थालेपछि यसको माग बढ्दो छ।

चितवनको भण्डारास्थित व्यावसायिक किट विकास फार्ममा उत्पादित किम्बुका बिरुवा देशका विभिन्न जिल्लामा यिनै प्रयोजनका लागि पठाइने गरिएको छ। कार्यालय प्रमुख सुरुची त्रिपाठीका अनुसार चालु आर्थिक वर्षमा कार्यालयले एक लाख ८० हजारभन्दा बढी किम्बुका बिरुवा उत्पादन गरेको छ। ती बिरुवा किसानलाई प्रतिविरुवा रु पाँचका दरले बिक्री गरिँदै आएको उहाँले जानकारी दिनुभयो। यस वर्ष मधेस तथा पहाडी जिल्लाबाट समेत किम्बु बिरुवाको माग आएको उहाँले बताउनुभयो। पछिल्लो समय रेशम किरापालनका लागि समेत बिरुवाको माग पुनः बढ्न थालेको छ। ओखलढुङ्गा, सिन्धुलीलगायतका जिल्लाबाट किम्बु बिरुवाको माग आएको उहाँले जानकारी दिनुभयो।

त्यसैगरी, पर्यटन क्षेत्रबाट पनि किम्बु बिरुवाको माग बढ्दो रहेको छ। होटल तथा रिसोर्टहरूले छिटो हुर्कने, राम्रो छहारी दिने र फल लाग्दा चराचुरुङ्गी आकर्षित हुने भएकाले वातावरणीय सौन्दर्यका लागि किम्बु रोप्ने चलन बढेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "होटल तथा रिसोर्टहरूबाट यसको माग बढेको छ, किनभने यो बिरुवा छिटो हुर्कन्छ। फल लाग्ने समयमा चराचुरुङ्गी आकर्षित हुने भएकाले रेष्टुराँ परिसरमा रोप्दा राम्रो छहारीका साथै आउने पाहुनाहरूले चराहरू अवलोकन गर्न सक्ने वातावरण सिर्जना हुन्छ। यसै कारण किम्बु रोप्ने प्रचलन बढ्दै गएको छ।"

किम्बुको फलको पनि बजारमा उत्तिकै माग रहेको छ। यसको फलमा औषधीय गुण पाइने र वाइन, जाम तथा जुस बनाउन प्रयोग गर्न सकिने भएकाले केही उद्योगहरूले समेत फलको माग गर्ने गरेका छन्। उहाँका अनुसार किम्बु फलले रगतमा हेमोग्लोबिनको मात्रा बढाउन सहयोग गर्ने भएकाले स्वास्थ्यका हिसाबले समेत उपयोगी मानिन्छ। "स्वास्थ्यका हिसाबले किम्बु अत्यन्त राम्रो फल हो", उहाँले भन्नुभयो। उहाँले नेपालमा पाइने बेरी प्रजातिमध्ये किम्बु पनि एक रहेको बताउनुभयो।रासस

# मधेशबाट ३३ बिचौलिया पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । प्रहरीले विभिन्न सरकारी कार्यालयबाट बिचौलियाको नाममा ३३ जनालाई पक्राउ गरेको छ ।

मंगलबार मधेस प्रदेश प्रहरी कार्यालयले प्रदेशका जिल्लास्थित सरकारी कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई अनुचित प्रभावमा पार्ने, छिटो काम गराइदिने बहानामा अतिरिक्त रकम असुल्ने तथा सेवामा अनियमितता गराउने कार्यमा संलग्न सोही क्रममा ३३ जनालाई पक्राउ गरिएको जनाएको छ ।

मधेस प्रहरी कार्यालयका सहायक प्रवक्ता एवं सूचना अधिकारी मानबहादुर राईद्वारा जारी गरिएको सो विज्ञप्तिमा प्रदेशका विभिन्न जिल्ला र कार्यालयबाट उनीहरूलाई नियन्त्रणमा लिइ आवश्यक अनुसन्धान अघि बढाइएको जनाइएको छ ।

पर्साको यातायात व्यवस्था कार्यालय वीरगन्जबाट ४ जना, मालपोत कार्यालय वीरगन्जबाट ३ जना, रौतहट मालपोत कार्यालय गौरबाट



५ जना, मालपोत कार्यालय चन्द्रपुरबाट २ जना, सर्लाहीको मलंगवा ट्रायल सेन्टरबाट २ जना, मालपोत कार्यालय मलंगवाबाट ९ जना, धनुषाका विभिन्न सरकारी कार्यालयबाट ४ जना र सप्तरीको विभिन्न कार्यालयबाट ४ जना गरी हालसम्म ३३ जनालाई पक्राउ प्रदेश प्रहरीको विज्ञप्तिमा उल्लेख छ ।

सम्बन्धित निकायसँग समन्वय गरी यस्ता अवैध गतिविधिमा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा नियन्त्रण प्रक्रिया जारी रहेको प्रदेश प्रहरीले जनाएको छ । साथै, सरकारी सेवा लिन जाँदा कुनै पनि बिचौलियाको प्रलोभनमा नपर्न तथा यस्ता गतिविधि देखिए नजिकको प्रहरी कार्यालय वा १०० नम्बरमा जानकारी गराउन सर्वसाधारणलाई आग्रह समेत गरेको छ ।

यता सरकारले मालपोत र नापी कार्यालयहरूबाट बिचौलियाको नाममा लेखापढी व्यवसायीलाई धपाउने अभियान सुरु गरेसँगै मधेस प्रदेशका विभिन्न जिल्लामा लेखापढी व्यवसायी कामकाज ठप्प पारी आन्दोलनमा उत्रेका छन् ।

प्रशासनले बिचौलियाको नाममा चलाएको डण्डाले सेवाग्राहीलाई सास्ती भएको छ भने लेखापढी व्यवसायीहरु हामी बिचौलिया होइनौं, सरकारद्वारा इजाजत प्राप्त लेखा व्यवसायी हौं भन्दै आन्दोलनमा उत्रेका हुन ।

# मेयर मण्डललाई कारवाही गर्न माग

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकामा कार्यरत एक कर्मचारीले मेयर बालेश्वर मण्डलाई कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छन ।

मेयर मण्डलले आफूलाई गालीगलौज, धम्की तथा कुटपिट गरेको आरोप लगाउँदै ज्यान जोगाउने सहित शान्ति सुरक्षाको माग गर्दै नगरपालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत सहायक स्तरका कर्मचारी सुरेश कुमार मण्डलले प्रमुख जिल्ला अधिकारीसमक्ष सो उजुरी दिएका हुन् ।

उजुरी अनुसार, कार्यालयको कामकाजकै क्रममा मेयरसँग सामान्य विवाद उत्पन्न भएपछि स्थिति तनावपूर्ण बनेको थियो । सो क्रममा मेयरले आफूलाई कार्यकक्षमा बोलाई गाली गलैजसहितको अभद्र व्यवहार गर्दै कुटपिट गरेकाले उनलाई कानून बमोजिम कारवाहीसहित आफ्नो ज्यानको सुरक्षाको माग गरेका छन् ।

कार्यालयमा रहेको लेखा शाखाको कार्यसम्पादन, बेरुजु तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भइरहेको अनुसन्धानको क्रममा साँचो माग गर्दा मेयरसँग साँचो माग्दा आफूलाई फोनमै धम्की दिदैं कार्यालय बाहिर आएर भेटन धाकधम्की समेत दिएको आरोप लगाएको छ ।

कर्मचारी मण्डलले नगरप्रमुखले "कार्यालयमा आएर भेट" भन्दै धम्कीपूर्ण





शैलीमा बोलाएको, नजाँदा थप दबाब दिएको र काम गरिरहेको समयमा समेत फोनमार्फत मानसिक दबाब सिर्जना गरेको उल्लेख गरेका छन् । घटनाबारे सम्बन्धित निकायले आवश्यक छानबिन गरी दोषीमाथि कानुनअनुसार कारबाही गर्न तथा आफूलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन निवेदकले माग गरेका छन्

साथै, कार्यालयमा सुरक्षित र सम्मानजनक कार्य वातावरण सुनिश्चित गरिदिन पनि प्रशासनसँग आग्रह गरिएको छ । उक्त उजुरी जिल्ला प्रशासन कार्यालय धनुषामा दर्ता भएको र सम्बन्धित निकायले घटनाबारे थप अनुसन्धान प्रक्रिया अगाडि बढाउने तयारी गरेको जनाइएको छ। यसका साथै, मेयर मण्डलमाथि जिल्ला प्रहरी कार्यालय धनुषामा समेत उजुरी दर्ता गरिएको छ । जिल्ला प्रहरीले मेयर मण्डललाई भोली बुधबार उपस्थितिको लागि अनुरोध गर्दै भोली नआए मुद्दा दर्ता गर्ने समेत उल्लेखित पत्र धनुषाधाम पठाएको हो ।

सोही घटनमा लेखा समूह धनुषाले समेत मेयर मण्डलमाथि कारवाहीको माग गरेको हो । समूहका धनुषा जिल्ला अध्यक्ष रँजित कुमार यादवले एक प्रेस विज्ञप्ति जारी गर्दै मेयरलाई कारवाहीको माग गरेको हो । यस सन्दर्भमा मेयर मण्डलसँग सम्पर्क गर्न खोज्दा उनको दुईटै मोबाईल स्वीच अफ रहेको थियो ।

## घुससहित इन्जिनीयर पक्राउ

टुडे समाचारदाता

राजविराज । नेपाल विद्युत् प्राधिकरण कञ्चनपुर वितरण केन्द्रका प्रमुख इन्जिनियर महेन्द्र कुमार दासलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुस रकमसहित पक्राउ गरेको छ ।

चार्जिङ स्टेशन सञ्चालनका लागि ट्रान्सफर्मर जडान गरी लाइन उपलब्ध गराइदिने बहानामा सेवाग्राहीसँग घुस मागेको उजुरीपछि अख्तियारले विशेष निगरानी बढाएको थियो ।

सोही क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरी कार्यालयबाट खटिएको टोलीले दासलाई सेवाग्राहीबाट एक लाख ४० हजार रुपैयाँ लिइरहेको अवस्थामा रंगेहात पक्राउ गरेको हो ।

उनीलाई सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ बाट नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ। पक्राउ परेका दासमाथि भ्रष्टाचार निवारण ऐन अन्तर्गत थप अनुसन्धान भइरहेको अख्तियारका सहायक प्रवक्ता गणेश बहादुर अधिकारीले जानकारी दिए।

# सरकारी विज्ञापन मुद्दामा कारण देखाउ आदेश

टुडे समाचारदाता

जनकपुरधाम । सर्वोच्च अदालतले सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई उपलब्ध नगराउने सरकारको विवादास्पद निर्णयविरुद्ध हस्तक्षेप गरेको छ ।

न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले मंगलबार सरकारका नाममा 'कारण देखाऊ आदेश' जारी गर्दै यस विषयमा अन्तरिम आदेश दिने वा नदिने भन्नेबारे छलफल गर्न दुवै पक्षलाई बोलाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हालै सरकारी विज्ञापन र सूचनाहरू केवल सरकारी स्वामित्वका सञ्चारमाध्यमबाट मात्र प्रकाशन र प्रसारण गर्ने गरी देशभरका निकायमा परिपत्र गरेको थियो ।

सरकारको यो कदमले निजी मिडियाको अस्तित्व संकटमा पार्ने र संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हकलाई कुण्ठित गर्ने भन्दै नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार सर्वोच्चमा रिट दायर गरेको थियो ।

रिट निवेदनमा सरकारको यो विभेदकारी निर्णयले 'विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन' को भावना विपरीत रहेको र लोकतान्त्रिक मूल्यमान्यतामाथि प्रहार गरेको जिकिर गरिएको छ । सर्वोच्चले सरकारलाई यस्तो निर्णय गर्नुको लिखित कारण पेश गर्न आदेश दिएसँगै अब यो मुद्दाको संवैधानिक र कानुनी परीक्षण हुने भएको छ ।

विज्ञापनको न्यायोचित वितरणको माग गर्दै आएका निजी सञ्चार गृहहरूले अदालतको यो प्रारम्भिक आदेशलाई सकारात्मक रूपमा लिएका छन् ।

# सरकारी कार्यालयमा छड्के

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकास्थित विभिन्न सरकारी कार्यालयहरूमा मेयर महेन्द्र महतोको नेतृत्वमा छड्के अनुगमन गरिएको छ ।

मेयर महतो र प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवसहितको टोलीले मंगलबार बिहान मिथिला नगरपालिकाको कार्यालय, ढल्केवर स्वास्थ्य चौकी, वडा नम्बर-६ र वडा नम्बर-२ का कार्यालय तथा नक्टाझिज हेल्थपोष्टमा छड्के अनुगमन गरेका हुन् ।

बिहान ९ बजेर १० मिनेटदेखि १० बजेसम्म गरिएको अनुगमनका क्रममा विशेषगरी स्वास्थ्य संस्थाहरूको अवस्था चिन्ताजनक पाइएको नगर प्रमुख महतोले बताए । उनका अनुसार नक्टाझिज हेल्थपोष्टमा १० बजेसम्म पनि अधिकांश कर्मचारीहरू कार्यालयमा उपस्थित थिएनन् ।

'अनुगमनका क्रममा धेरैजसो




कर्मचारीहरू समयमा कार्यालयमा नआएको पाइयो,' महतोले भने, 'यसले सेवा प्रवाहमा प्रत्यक्ष असर पार्ने भएकाले अब कडाइ गरिन्छ ।'

अनुगमन टोलीले केही वडा कार्यालयहरूमा पनि कर्मचारीहरूको उपस्थिति न्यून रहेको पाएको जनाएको छ। सेवाग्राहीहरू बिहानैदेखि सेवा लिन आए पनि कर्मचारी नहुँदा समस्या भोग्नुपरेको स्थानीयले गुनासो गरेका छन् । नगर प्रमुख महतोले कर्मचारीहरूको गैरजिम्मेवार व्यवहारप्रति असन्तुष्टि व्यक्त गर्दै आगामी दिनमा नियमित अनुगमनलाई तीव्रता दिने चेतावनी दिए ।

उनले समयपालन नगर्ने र कार्यसम्पादनमा लापरवाही गर्ने कर्मचारीमाथि आवश्यक कारबाही गरिने स्पष्ट पारे । नागरिकले सहज र प्रभावकारी सेवा पाउनुपर्ने अवस्थामा यस्तो लापरवाहीले स्थानीय सरकारप्रति विश्वास घट्ने खतरा बढेको सरोकारवालाहरू बताउँछन् । नगरपालिकाले अब अनुगमनलाई नियमित बनाउने र सेवा प्रवाहलाई सुधार गर्ने दाबी गरेको छ ।

# ६ महिनामै फुट्न थाल्यो सडक

टुडे समाचारदाता

रौतहट । रौतहटको गौर-गंगापिपरा सडकखण्ड निर्माण भएको ६ महिना नपुग्दै ठाउँ ठाउँमा फुट्न र चर्किन थालेको छ ।

निर्माण भएको ६ महिना सडक चर्किन थालेकाले अनियमितता भएको भन्ने आलोचना हुन थालेपछि पुनः मर्मत कार्य सुरु गरिएको छ । डिभिजन सडक कार्यालय चन्द्रपुरको निगरानीमै निर्माण भएको सडक यति छिटो बिग्रिएपछि कार्यालयको कार्यक्षमता माथि स्थानीय गम्भीर प्रश्न उठाएका छन् ।

वर्षौंदेखि ग्राभेल सडकबाट सास्ती खेप्दै आएका स्थानीयका लागि १२ किलोमिटर सडक कालोपत्रे गर्ने भन्दै नेपाल सरकारले २०७९ सालमा ठेक्का लगाएका थिए । उक्त ठेक्का साह निर्माण सेवाले सकार गरेको थियो । २०८२ साल साउन सम्म निर्माण सम्पन्न भएको सडक झाझ पुलदेखि पचरुखी चोकसम्मका विभिन्न स्थानमा चर्किएपछि अहिले धमाधम काटेर कालोपत्रे उप्काउने काम जारी रहेको छ ।

स्थानीयका अनुसार कतिपय स्थानमा पुरानै पिचमाथि अलकतरा हालेर कालोपत्रे गरिएको थियो, जसका कारण प्रारम्भीक बेस



कमजोर रहँदा सडक चाँडै चर्किएको हो । निर्माणकै क्रममा गुणस्तरमा लापरवाही भएको आरोप स्थानीयको छ ।

मर्मत भइरहेको स्थानहरूमा कुनै पनि चेतावनी वा साँकेतिक बोर्ड नराखिँदा रातिको समयमा दुर्घटनाको उच्च जोखिम बढेको छ भने उक्त सडकखण्डमा यसअघि पनि पटक-पटक गम्भीर दुर्घटना भइसकेका छन्, तर सम्बन्धित निकायले सुरक्षाका आधारभूत उपाय अवलम्बन नगरेको भन्दै स्थानीय आक्रोश भएका छन् ।

उता डिभिजन सडक कार्यालय चन्द्रपुर रौतहटका प्रमुख डिई अरुणकुमार लाल कर्णले भने सडक अझै निर्माणकै चरणमा रहेको र बाढीग्रस्त क्षेत्र भएको हुँदा ओभरफ्लो भएर पानी बग्ने अवस्थामा कतिपय स्थानमा चर्किएको बताएका छन् । उनका अनुसार केही स्थानमा पर्याप्त कम्पेक्सन नभएकोमा समस्या देखिएको प्राविधिक निष्कर्ष छ र त्यसलाई तत्काल मर्मत गरिदैछ ।

साथै, मर्मत भइरहेका स्थानहरूमा दुईतर्फी देखिने गरी चेतावनी बोर्ड राख्न निर्माण कम्पनीलाई निर्देशन दिइसकेको उनले जानकारी दिए र निर्माण गरिएको सडक छोटो समयमै बिग्रिनु र त्यसपछि पुनः मर्मतमा लाग्नुले सरकारी निकायको लापरवाही र निर्माण कम्पनीको कमजोरी देखिएको भन्दै स्थानीयले छानबिनको माग गर्दै दोषीलाई कारवाहीको माग गरेका छन ।

# आँपको उत्पादन घटने

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको आँपको रुखहरुमा मधुवा रोग लागेका कारण उत्पादनमा कमी आउने भएको छ ।

यस पटक अत्यधिक मात्रामा आँपको बोटमा फूल लागेपछि आँपको उत्पादन दुई गुणाले बढ्ने प्रारम्भिक प्रक्षेपण गरिएको भए पनि दाना आउने बेलामा मधुवा रोग लागेका कारणले आँप थोरै मात्रा बाँच्न सक्नेछ ।

मधेश प्रदेशका कृषि विकास निर्देशनालयका अनुसार मधेश प्रदेश भरिमा ३४ हजार १ सय १६ हेक्टर क्षेत्रफलमा आँप खेती भए पनि आँप उत्पादन हुने क्षेत्रफल २९ हजार ९९ हेक्टर रहेको छ । यस पटक आँपमा लागेमा मधुवा रोग लागेका कारणले आँपको फूल तथा फल



लाग्ने मज्जर नै सुकेको छ ।

मधुवा रोग लागेपछि आँपको बोटबाट मध जस्तो चुहिएर आँपको फल्न लाग्न नदिने अवस्थाका कारणले यस वर्ष अपेक्षा अनुसारको आँप नफल्ने किसानहरुले जनाएका छन् ।

मधेश प्रदेशका जिल्लाहरूमा गत वर्ष ३ लाख ९५ हजार ७ सय ९४ मेट्रिक टन आँपको उत्पादन भएको कृषि विकास निर्देशनालयका बाली संरक्षण अधिकृत सन्दीप ठाकुरले जानकारी दिएका छन् । मधेश प्रदेशका जिल्लाहरूमा आँपको उत्पादन प्रति हेक्टर १३.६० मेट्रिक टन हुने गरेको मधेश प्रदेशका कृषि विकास निर्देशनालयले जनाएको छ ।

आँप फुल्ने बेलामा औषधि नछर्किनका लागि कृषि ज्ञान केन्द्र धनुषाले किसानहरूका लागि सूचना सहितको जानकारी दिए पनि केही किसानले औषधि छर्केका कारणले मधुवा रोगको प्रकोप आँपमा लाग्नबाट जोगाएको भएपनि धेरै किसानको आँपको फल मधुवा रोगका कारण समाप्त भइसकेको छ ।

मधेश प्रदेशका जिल्लाहरूमा अत्यधिक मात्रामा मालदह, बमई, आम्रपाली, किसुनभोग, जर्दा, कलकत्तिया सहितका जातिका आँप अत्यधिक मात्रामा उत्पादन हुने गर्दछन् ।

# कर्मचारी नियुक्तिमा विवाद

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको ढल्केबरस्थितमालापोतकार्यालयमा करारका कर्मचारी नियुक्ति गरिएको विषयलाई लिएर विवाद उत्पन्न भएको छ । कार्यालय प्रमुखले तीन जना कर्मचारी नियुक्ति गरेपछि स्थानीयवासीले प्रक्रिया पारदर्शी



नभएको आरोप लगाउँदै विरोध गरेका हुन् ।

स्थानीय रामकुमार महतोले कार्यालय प्रमुख रोहित विश्वकर्माले विगतमा बिचौलियाको रूपमा काम गर्दै आएका आफ्ना आसेपासे व्यक्तिलाई अवैध रुपमा नियुक्ति गरेको आरोप लगाएका छन् ।

उनका अनुसार करिब डेढ वर्षअघि कार्यालयले विभिन्न पाँच पदका लागि पत्रिकामा सूचना प्रकाशित गरेर भर्ना प्रक्रिया अगाडि बढाएको थियो । त्यसबेला १५० भन्दा बढी व्यक्तिले आवेदन दिएका थिए । आवेदनसँगै प्रतिव्यक्ति तीन सय रुपियाँ राजस्वसमेत मालपोत कार्यालयले संकलन गरेको उनको भनाई छ ।

महतोले भने, "त्यसबेला प्राप्त निवेदनमाथि कुनै प्रक्रिया अघि बढाइएन । न लिखित परीक्षा भयो, न मौखिक अन्तर्वार्ता । लामो समयसम्म कुनै निर्णय नगरेर अहिले लुकिछिपी तीन जनालाई नियुक्ति गरिएको छ ।" अहिले गरेको नियुक्ति खारेज गर्न र पहिल्यै आवेदन दिएका व्यक्तिलाई प्राथमिकता दिनुपर्ने अथवा निवेदकहरुले तिरेको राजस्व फिर्ता गर्नुपर्ने उनले माग गरे ।

कार्यालय प्रमुख विश्वकर्माले नियुक्ति प्रक्रिया नियम अनुसार नै गरिएको दाबी गरेका छन । उनले कार्यालयको आवश्यकता हेरेर नियुक्ति गरिएको बताउँदै यसअघिका निवेदन सोही आर्थिक वर्षभित्र मात्र मान्य हुनेछ आर्थिक वर्ष समाप्त भएपछि ती निवेदन स्वतः खारेज हुन जाने बताए ।

# एसइईमा चिटिङ गराउने पक्राउ

टुडे समाचारदाता

रौतहट । एसइई परीक्षाको मर्यादा उल्लंघन गर्दै "ह्वाट्सएप" मार्फत चिटिङ गराउने चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार एसइई अन्तर्गत




पाँचौं दिन सञ्चालन भएको अनिवार्य सामाजिक शिक्षा विषयको परीक्षाका क्रममा विभिन्न स्थानबाट एक शिक्षकसहित चारजनालाई पक्राउ गरिएको हो ।

प्रहरीले चन्द्रपुर नगरपालिका-६ स्थित माध्यमिक विद्यालय जुडीबेलाका १९ वर्षीय रञ्जित साहलाई सीमरा भवानीपुर परीक्षा केन्द्र नजिकबाट नियन्त्रणमा लिएको जनाएको छ । यस्तै, परीक्षाको मर्यादा विपरीत गतिविधिमा संलग्न रहेको आरोपमा चन्द्रपुर नगरपालिका-७ बनबहुअरीका ४० वर्षीय तेजनारायण चौधरीलाई पनि पक्राउ गरिएको छ । उनी मा.वि. शितलपुरका शिक्षक रहेको प्रहरीले जनाएको छ ।

यसैगरी, गुजरा नगरपालिका-५ लक्ष्मीपुरका २१ वर्षीय महमद हुसेन र २४ वर्षीय समिर मन्सुरीलाई पनि नियन्त्रणमा लिइएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूले ह्वाट्सएप समूहमार्फत परीक्षार्थीलाई उत्तर पठाउने तथा चिटिङ गराउने कार्यमा संलग्न रहेको खुलेको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता ईन्स्पेक्टर जीवनकुमार मैनालीले जानकारी दिएका छन ।

यस्ता गतिविधिमा संलग्न जो-कोहीलाई कडा कारबाही गरिने चेतावनी दिँदै पक्राउ परेकामाथि एसइई परीक्षा सम्बन्धी ऐनअनुसार कारबाही प्रक्रिया अगाडि बढाइएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर कि प्रमुख डिएसपी रुपा लाबुङ्ले जानकारी दिएकी छिन ।

# हुलाकी राजमार्गको मुआब्जा विवरण दिन माग

टुडे समाचारदाता

कलैया । हुलाकी राजमार्ग निर्माणका क्रममा वितरण गरिएको मुआब्जाको विस्तृत विवरण दिन बारा निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य ई. अरविन्द साहले माग गरेका छन् ।

सांसद साहले बाराका प्रमुख जिल्ला अधिकारीलाई पत्र लेख्दै आर्थिक वर्ष २०८०/८१ देखि हालसम्मको मुआब्जा वितरण विवरण अध्ययनका लागि आवश्यक रहेको बताएका हुन् ।

पत्रमा मुआब्जा पाउने व्यक्तिको नाम, सम्पर्क नम्बर, जग्गाको क्षेत्रफल, घरको प्रकार, सिफारिस गर्ने कर्मचारीको विवरण र भुक्तानी रकम लगायत १४ वटा बुँदामा आधारित तथ्यांक उपलब्ध गराइदिन अनुरोध गरिएको छ ।

सांसद साहले ती विवरणहरू तालिकाबद्ध गरी एक्सेल सिटमा तयार गरि आगामी चैत्र ३० गतेभित्र आफ्नो आधिकारिक इमेलमा पठाउन निर्देशन दिएका छन् । उक्त विवरण मागको उद्देश्य मुआब्जा वितरण प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्नु र वास्तविक पीडितले उचित मुआब्जा पाएको वा नपाएको अध्ययन गर्नु रहेको बुझिएको छ ।

पत्रमा नापी गर्ने अमिनदेखि भुक्तानी मितिसम्मको स्पष्ट रेकर्ड उपलब्ध गराउन पनि भनिएको छ। सांसद साहले आयोजना तथा मुआब्जा व्यवस्थापनको यथार्थ चित्र सार्वजनिक गर्ने अपेक्षा राखेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८